अफगानिस्तानकी खेलाडी तलाश पेरिस ओलम्पिकबाट अयोग्य घोषित | पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ • अंक ८४ • २०८१ साल साउन २७ गते आइतबार (11 August, Sunday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## साहको हत्या आशंकामा युवती पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । सर्लाही जिल्लाको बरहथवा नगरपालिका-८ स्थित टाँडीमा एकजना युवकको शंकास्पद मृत्यु देखिएपछि एकजना युवतीलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

गाउँ नजिकै रहेको शैलेन्द्र रामको परालको भुस्सा राख्ने घरमा साह झुण्डिएको अवस्थामा फेला परेको र उपचारका लागि बरहथवा अस्पताल पुऱ्याएपछि उपचारको क्रममा उनको मृत्यु भएको सर्लाहीका प्रहरी उपरीक्षक प्रवीण पोखरेलले बताएका छन् ।

साहले शुक्रबार राति प्रेमिका भनिएकी युवतीलाई फोन गरी बोलाएको दुवैबीच भागेर विहा गर्ने विषयमा सहमति हुन नसकेपछि युवक झुण्डिएको प्रहरी उपरीक्षक पोखरेलले बताए । झुण्डिएको रस्सीको दागबाहेक घाँटीलगायत शरीरका अन्य भागमा कुनै चोटपटक नलागेको प्रहरीको कथन छ ।

युवक तेली साह र युवती महरा(राम) थरकी रहेकाले भागेर विहा गर्ने सहमति दुवैबीच नभएपछि झुण्डिएको हुने प्रहरीको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ ।

प्रहरीले नियन्त्रणमा लिएको युवतीले दिएको बयानमा युवकले बोलाएर भाग्न दिएको दबाब अस्वीकार गरी आफू उनीसित छुटिएको उल्लेख गरेकी छन् ।

मृतकका आफन्तजनले हत्या गरिएको आरोप लगाएपछि प्रहरीले पोष्टमार्टमका लागि शवलाई परीक्षण गर्न त्रिवि शिक्षण अस्पताल महाराजगञ्ज काठमाण्डु पठाएको छ ।

सर्लाही प्रहरीले प्रारम्भिक अनुसन्धान गरिसकेको र शिक्षण अस्पतालबाट आइतबार पोष्टमार्टमको रिर्पोट प्राप्त भएपछि घटनाको सत्यतथ्य सार्वजनिक गर्ने प्रहरीले तयारी गरेको छ । मृतकका परिवारजनले मलंगवा अस्पतालमा पोष्टमार्टम गराउँदा रिर्पोट प्रभावित हुने आशंका गरेको बताइएको छ ।

गाउँमा विवाद चर्किन नदिन सुरक्षा अवस्थालाई सुदृढ बनाउन प्रहरी परिचालन गरिएको छ । बरहथवा नगरपालिका संवेदनशिल मानिन्छ ।

# जसपा नेपालको आजदेखि केन्द्रिय समिति बैठक

## छलफलमा १० एजेण्डा, २ दिन प्रशिक्षण, अन्तिम दिन निर्णय

**टुडे समाचारदाता**

काठमाडु । जनता समाजवादी पार्टी (जसपा) नेपालको महाधिवेशन पछिको केन्द्रीय समितिको पहिलो बैठक आइतबारदेखि ललितपुर स्थित थसी बैंक्वेटमा सुरु हुँदैछ । सो बैठकका लागि १० वटा एजेन्डा निर्धारण गरिएको छ ।

केन्द्रीय सदस्य योगेन्द्र यादवले जनाए अनुसार ४ दिनसम्म चल्ने बैठकको पहिलो दिन सपथग्रहण, परिचयात्मक कार्यक्रम र प्रशिक्षण हुनेछ । 'साउन ३० गतेसम्म चल्ने बैठकमा पार्टीको आगामी वैचारिक, राजनीतिक, संगठनात्मक कार्ययोजना तथा कार्यक्रमलगायतका विषयहरुमा छलफल गरी निर्णय गरिनेछ' उनले भने, पछिल्लो समयमा विकसित राजनीतिक घटनाक्रमहरुको विषयमा समेत छलफल हुनेछ ।

जनकपुरधाममा गत जेठ महिनाको अन्तिम हप्तामा सम्पन्न एकताको पहिलो महाधिवेशनबाट अध्यक्षसहित झण्डै एक दर्जन सदस्य निर्विरोध निर्वाचित भएका थिए । थप सदस्य चयन गर्न महाधिवेशनले पार्टीका अध्यक्ष उपेन्द्र यादवलाई सर्वाधिकार दिएको थियो । अध्यक्ष यादवले असार २७ गते २ सय १५ सदस्यीय केन्द्रीय समितिको घोषणा गरेका थिए । उनले सोही दिन ९ सदस्यीय कार्यकारिणी समितिको पनि घोषणा गरेका थिए ।

अध्यक्ष यादवले कार्यकारिणी समितिमा रिक्त रहेका सदस्यहरु र पदाधिकारीहरुको मनोनयन केन्द्रीय समितिको बैठकपछि गर्ने बताइएको छ । महाधिवेशनमा पदाधिकारी लगायत सदस्यहरुको निर्वाचनको प्रचार प्रसार अन्तिम चरणमा पुगेर मतदानको तयारी भइरहेको बेला अध्यक्ष यादवले चुनावी प्रक्रिया स्थगित गर्दै केन्द्रीय समिति,



पदाधिकारी र कार्यकारिणी समिति चयनको अधिकार लिएका थिए ।

पार्टी विभाजन, केन्द्रिय सरकार बाहिर र मधेश प्रदेशमा सत्ताच्यूत भएपछि जसपा नेपालको हुन लागेको केन्द्रीय समिति बैठकले संगठनलाई सुदृढ बनाउन वडास्तर सम्मको अभियान सञ्चालन गर्ने निर्णय लिने बताइएको छ । भदौं पहिलो हप्ता जसपा नेपालले काठमाण्डुमा बृहत्त भेला आयोजना गरी संविधान संशोधनमा राखिने विषय, बृद्धि गर्न लागिएको थ्रेसहोल्ड लगायतका मुद्दाहरु उठाउँदै संघर्षको घोषणा गर्ने तयारी समेत गरिदै छ ।

सो बैठकमका लागि निर्धारण गरिएको एजेण्डाहरुमा वर्तमान भू-राजनीतिक परिस्थिति र नेपालको परराष्ट्र नीति तथा सम्बन्ध , नेपालको वर्तमान राष्ट्रिय राजनीतिक सन्दर्भमा हाम्रो पार्टीको भूमिका र नेपालको सन्दर्भमा पहिचान र राष्ट्रिय जातीय मुक्तिको सवाल माथि छलफल हुने बताइएको छ ।

त्यसैगरि नेपालको सन्दर्भमा समाजवाद सम्बन्धी अवधारणा , जनता समाजवादी पार्टी, नेपालका आदर्श, वैचारिक एवम् सैद्धान्तिक अवधारणा र संविधान संशोधनको आवश्यकता र अपरिहार्यता सम्बन्धमा पनि बैठकमा प्रशिक्षण दिनेछ ।

स्थानीय तह, प्रदेशसभा र संसदमा पार्टीको भूमिका, पार्टी विस्तार तथा सुदृढीकरण कार्ययोजना सम्बन्ध, देशव्यापी रूपमा जनपरिचालन अभियान (सदस्यता वितरण, संगठन निर्माण र परिचालन, प्रशिक्षण, सेमिनार, गोष्ठी, जनसभालगायतका आवश्यक कार्यक्रमहरू) बारे बैठकमा छलफल हुने एजेण्डा निर्धारण गरिएको छ ।

सो बैठकले अभियान सम्बन्धी कार्यक्रमहरू सम्पन्न गर्न समयावधि निर्धारण गर्ने र केन्द्रीय समितिका सदस्यहरुलाई जिल्ला/ महानगर/ नगर/ गाउँपालिकालगायत स्थानीय तहहरूको अभियन्ताको रूपमा जिम्मेवारी एवम् दायित्व तोक्ने विषयमा निर्णय गर्नेछ ।

मधेश प्रदेशमा सत्ताच्युत भएको जसपा नेपालले भने पार्टी विभाजनको प्रभावलाई रोक्न सफल रहेको छ । पार्टीका ठूला नेताहरुले अर्कै दल बनाएपनि मधेश प्रदेशमा त्यसको प्रभाव परेको देखिदैन ।

अध्यक्ष यादवले निर्वाचन आयोग विरुद्ध सर्वोच्च अदालतमा दायर गरेको मुद्दाको भदौ १३ गते पेशी रहेको छ । मुद्दाको फैसला जसपा नेपाल प्रतिकुल भए मधेश प्रदेश सभा दलमा समेत त्यसको प्रभाव पर्ने सम्भावना छ ।

मधेश प्रदेशबाट जनता समाजवादी पार्टीमा नेतृत्व गरिरहेका नेताहरुले अदालतको फैसलापछि मधेश प्रदेश संसदीय दलका कयौं सभासदहरु आफ्नो पक्षमा आउने दाबी गरिरहेका छन् । सरकारमा नरहेको बेला पनि जसपा नेपालका सभासदहरु एकजुट देखिएका छन् ।

मधेश प्रदेशमा जम्बो मन्त्रीमण्डल गठन भइसकेकाले जसपा नेपाल छाडेर जानेहरुका लागि तत्काल स्थान पाउने सम्भावना छैन ।

## अदालतको फैसला अगावै वृहत्त भेला

**टुडे समाचारदाता**

काठमाण्डु । जसपा नेपालको सर्वोच्च अदालतमा विचाराधीन मुद्दाको भदौं १३ गते पेशी तोकिएको छ । त्यस अगावै भदौंको पहिलो हप्ता नै जसपा नेपालले काठमाण्डुमा वृहत्त भेलाको आयोजना गरी संविधान संशोधनका एजेण्डा, आरक्षण, समानुपातिक समावेशीजस्ता मुद्दाहरु लिएर आन्दोलनमा जाने घोषणा गर्ने तयारी गरेको उच्चस्रोतहरुले जनाएका छन् ।

पार्टीका नेता, कार्यकर्ताहरुलाई सक्रिय बनाएर जनतामा साख बचाउन आन्दोलनमा जानुको विकल्प नरहेको जसपा नेपालका नेताहरु बताउँछन् । हाल राष्ट्रिय पार्टीका लागि राखिएको ३ प्रतिशत र प्रादेशिक पार्टीका लागि राखिएको डेढ प्रतिशतको थ्रेस होल्डलाई बढाएर राष्ट्रिय पार्टीको हकमा १० प्रतिशत र प्रादेशिक पार्टीको हकमा ५ प्रतिशत थ्रेस होल्ड गर्ने ठूला सत्तारुढ दलहरु नेपाली कांग्रेस र नेकपा एमालेले गर्ने तयारी गरेको छ ।






# “रन फर हेल्थ”

**टुडे समाचारदाता**

वीरगञ्ज । भारतीय महावाणिज्य दूतावास वीरगञ्जले भारतीय स्वतन्त्रता दिवसको पूर्वसन्ध्यामा दौड कार्यक्रमको आयोजना गरेको छ । भारतीय स्वतन्त्रता दिवसको अवसरमा महावाणिज्य दूतावासद्वारा ‘रन फर हेल्थ’कार्यक्रमको आयोजना गरेको छ।

भारतीय महावाणिज्य दूत देवी सहाय मिनाले झण्डा हलाएर दौड कार्यक्रमको उद्घाटन गरेका थिए।

महावाणिज्य दूतावास कार्यालय अगाडिबाट शनिबार सुरु भएको दौड वीरगञ्जको घन्टाघर परिक्रमा गरी पुनः दूतावासमा फर्के पछि सम्पन्न भएको थियो।

सो कार्यक्रममा महावाणिज्य दूत देवी सहाय मिनाले स्वस्थ्य जीवनको लागि विहानको दौड अति उपयोगी भएकोले स्वतन्त्रता दिवसको पूर्वसन्ध्यामा



जनचेतनाको लागि दौड कार्यक्रमको आयोजना गरिएको प्रस्ट्याए । उनले भारतीय महावाणिज्य दूतावास दुवै देशको सम्बन्धलाई अझ प्रगाढ बनाउन सधै सक्रिय रहेको बताउनु भयो। महावाणिज्य दूत मिनाले स्थानिय सवै वर्गको ‘साथ- सहयोग’ मा महावाणिज्य दुतावास समाजिक चुतना मुलक कार्यक्रमहरु गर्दै आएको बताए। महावाणिज्य दूतावासले आयोजना गरेको दौड कार्यक्रममा वीरगञ्जका स्थानीय उद्योगपति, व्यापारी, बुद्धिजीवि, जनप्रतिनिधिलगायतहरुको सहभागिता रहेको थियो।

# नदी सरसफाइमा युवा सक्रिय

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको भलुवाही खोलामा वर्षौंदेखि थुप्रिएको फोहर स्थानीय युवाले सर सफाइ गरेका छन् । ‘सरसफाइ तपाईंको हातमा, हामी युवा तपाईंको साथमा’ भन्ने नारासहित युवा खोला सरसफाइमा जुटेका छन् ।

देशमा परिवर्तन गर्न युवाको आवश्यकता पर्दछ भन्ने सन्देश दिने उद्देश्यले प्रत्येक शनिबार स्थानीय खोला, नदी सरसफाइमा स्थानीय युवा सक्रिय हुँदै आएका सप्तरी युथ क्लबले जनाएको छ। क्लबको आयोजना तथा राजविराज नगरपालिका र राजविराज यूथ कम्युनिटीको सहकार्यमा प्रत्येक शनिबार भलुवाही खोलासहित अन्य नदी तथा खोला सरसफाइ अभियानमा युवा जुटेका क्लबका कार्यवाहक अध्यक्ष मोहन यादवले बताए।

खोलामा छरिएर रहेका फोहर, घाँस, नाला तथा खोलाभित्र वर्षौंदेखि मानिसले फालेका नकुहिने पानीका बोतल, सिसा, फलामलगायत फोहरजन्य वस्तु निकालेर सफा गर्दै आइएको उहाँले उल्लेख गरे । यूथ क्लब नेपालको आयोजनामा थालिएको सरसफाइ अभियानको ११ औं सप्ताहमा पुगेको छ। कार्यवाहक अध्यक्ष यादवलेजिल्लाको समग्र विकाससँगै राजविराजको मुख्य



बजार हुँदै बग्ने भलुवाही खोलालाई व्यवस्थित गर्न लागिएको बताए।

जलवायु परिवर्तनलाई मध्यनजर गरी राजविराज-८ स्थित खानेपानी डिभिजन कार्यालयबाट कनौली रोडको पब्लिक माध्यमिक विद्यालयसम्म सरसफाइ गरिएको जनाइएको छ। सो क्लबको स्रोत परिचालन गरेर खोला सरसफाइ थालिएको बताउँदै ४० जनाको समूहमा जेसिबी भाडामा लिएर सरसफाइ गर्ने गरिएको उनले बताए।

कार्यवाहक अध्यक्ष यादवले भने, “समुदायलाई सफा, स्वास्थ्य बनाउन, पर्यावरणीय सन्तुलन कायम राख्न जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, सञ्चारकर्मीसहितको सहभागितामा सरसफाइ अभियानमा थालेका छौं। यसलाई निरन्तरता दिन नगरपालिकाले आर्थिक सहयोग गर्नुपर्ने हाम्रो माग हो।”

एक वर्षभित्र भलुवाही खोला सरसफाइ सकेर वृक्षारोपण गर्ने योजना रहेको बताउँदै उनले यसमा सबैको सहयोगको अपेक्षा गरे।

भलुवाही खोलामा सबै तिरबाट आएको फोहरका कारण वातावरणलाई प्रतिकूल प्रभाव पार्नुका साथै लामखुट्टे, किरापट्यांग्रा लगायतको जोखिम बढेको क्लबका सचिव आयुष श्रेष्ठले बताए।

खोलाको फोहरका कारण सामान्य वर्षा हुँदा पनि बाढीले राजविराज नगर क्षेत्र जलमग्न हुने गरेको स्थानीयले बताएका छन् । क्लबले राजविराजस्थित सरकारी कार्यालय अगाडिका बाटोमा फूलका बिरुवा लगाउन थालेको छ। रुपनी बसपार्क, राज रंगशाला हुँदै राम मन्दिरसम्मको दुई किलोमिटर बाटोमा फूल लगाउन थालिएको क्लबका सचिव श्रेष्ठले जानकारी दिए।

# लहानका सामुदायिक वनमा फलफूलका बिरुवा रोपियो

सिरहा। वनको संरक्षण र संवर्द्धन गर्दै आएका यहाँका सामुदायिक वन उपभोक्ता समूहले कृषि वन प्रवर्द्धन गरी आयआर्जनसँग जोड्न फलफूलका बिरुवा रोप्ने अभियान सुरु गरेका छन्। सामुदायिक वन दिवसका अवसर पारी लहान नगरपालिका-१५ स्थित बाबाजी खोला सामुदायिक वन र मुतनीखोला सामुदायिक वनले कृषि वन कार्यक्रमको सुरुआत गरेका हुन्।

केयर नेपाल, सामुदायिक वन महासङ्घ र राष्ट्रिय कृषक समूह महासङ्घ नेपालको आर्थिक तथा प्राविधिक सहयोग र लहान नगरपालिकाको समन्वयमा आप, कटहर, लिच्चीलगायत फलफूलका बिरुवा रोप्न सुरु गरेको बाबाजीखोला सामुदायिक वनका अध्यक्ष जागेश्वर चौधरीले बताउनुभयो।

“वनबाट काठ दाउरा मात्र नभई फलफूलबाट पनि समूहलाई छिट्टै आम्दानी हुने र उपभोक्ता समूहलाई सक्रिय बनाउने उद्देश्यले फलफूलका बिरुवा रोपिएको हो”, अध्यक्ष चौधरीले भन्नुभयो, “यसले गर्दा वन्यजन्तु पनि बस्ती छिरेर किसानको खेतबारीमा अन्नपात खाइदिने समस्याबाट पनि जोगिने हामीले विश्वास गरेका छौं।”

साथै उहाँले ६३ हेक्टर क्षेत्रफलमा फैलिएको बाबाजीखोला सामुदायिक वनभित्रको करिब चार हेक्टर खुला जमिनमा तीन सय १० फलफूलका बिरुवा र अन्य घाँसे जातका त्यत्ति नै मात्रामा बिरुवा रोप्न सुरु गरिएको बताउनुभयो।

त्यस्तै जीविकोपार्जनका लागि सामुदायिक वनभित्र खाली रहेको जग्गामा फलफूल विस्तार गर्दा उपभोक्ताको आयस्तर वृद्धि तथा दिगो वन संरक्षण अवधारणाले पनि सार्थकता पाउने मुतनीखोला सामुदायिक वनका अध्यक्ष देवराज चौलागाईंले बताउनुभयो।

उहाँले भन्नुभयो, “रातदिन संरक्षण गरेर हुर्काएको बिरुवाबाट उपभोक्ता घाँसदाउरा सीमित हुने स्थिति थियो। अब फलफूलखेतीलाई सामुदायिक वनमा विस्तार गरेर उपभोक्तालाई आयआर्जनतर्फ उन्मुख गराउनका लागि फलफूलका बिरुवा रोपिएको हो।”

विभिन्न सङ्घसस्थाको योजनामा सामुदायिक वनका उपभोक्तालाई आयआर्जनसँग जाड्ने अवधारणालाई स्थानीय तहले सकारात्मक रूपमा लिएको लहान नगरपालिकाका नगरप्रमुख महेशप्रसाद चौधरीले बताउनुभयो। रासस

# लागूऔषधसहित दम्पती पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा प्रहरीले वीरगन्जबाट एक भारतीय दम्पतीलाई लागूऔषधसहित पक्राउ गरेको छ।

पक्राउ पर्नेमा भारत बिहार मोतिहारी जिल्ला सकराहा थाना ९ का ३५ वर्षीय धुरेन्द्र राम र उनकी पत्नी मधु देवी रहेको पर्सा प्रहरीले जनाएको छ।

बिहीबार साँझ ७ बजेतर्फ वीरगञ्ज महानगरपालिका-१६ स्थित वीरगञ्ज भन्सार कार्यालय अगाडि प्रहरी चौकी इनर्वा र सशस्त्र प्रहरी बल नेपालबाट खटिएको संयुक्त चेकिङ टोलीले रक्सौलबाट नेपालतर्फ शंकास्पदरूपमा आउँदै गरेका राम दम्पतीलाई रोकी खानतलासी गर्दा उनीहरुले बोकेको सेतो बोराभित्र थ्रोमा छण् लेखिएको ४ सय ४८ पत्तामा १० पिसको दरले ४ हजार ४ सय ८० पिस टैब्लेट र काटेको २४ पिस टैब्लेट गरी जम्मा ४ हजार



५ सय ४ पिस टैब्लेट फेला परेको थियो। उनीहरुमाथि लागूऔषधसम्बन्धी कसुरमा कारबाही सुरु गरिएको पर्सा प्रहरी प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक दीपक भारतीले बताए।

# पाठ्यक्रम परिमार्जन गरी विद्यार्थीको आकर्षण बढाउँदै पोखरा विश्वविद्यालय

चितवन । पछिल्ला वर्षमा कक्षा १२ उत्तीर्णपछि विद्यार्थी थप शिक्षा र रोजगारीका लागि विदेश जाने क्रम बढ्दो छ । विद्यार्थीलाई यही रोक्नका लागि विश्वविद्यालयले पुराना पाठ्यक्रमलाई परिमार्जनगरी समय सुहाउँदो बनाउन थालेका छन्।

पोखरा विश्वविद्यालयको विज्ञान तथा प्रविधि सङ्कायका डिन प्रा राजेशकुमार ठकुराठी विश्वविद्यालयले विद्यार्थीको आकर्षण बढाउनेगरी पाठ्यक्रम परिमार्जन गरेको बताउनुहुन्छ । युनाइटेट टेक्निकलकलेजभरतपुरलेशुक्रबार यहाँ आयोजना गरेको स्नातक र स्नातकोत्तरका नयाँ कार्यक्रम सुभारम्भका अवसरमा उहाँले भन्नुभयो, “पाठ्यक्रम अहिलेको परिवेश सुहाउँदो बजारले माग गरेअनुसारको बनाएका छौं।”

सैद्धान्तिक ज्ञानमात्रै नभएर प्रयोगात्मक कक्षामा जोड दिइएको डिन ठकुराठीले बताउनुभयो। पहिलेपहिले इन्टर्नसिप नहुने गरेकामा इञ्जिनियरिङ सङ्कायमा तीन महिनाको अनिवार्य इन्टर्नसिप गराएको उहाले बताउनुभयो । डिन ठकुराठीले भन्नुभयो, “सीपमूलक पाठ्यक्रम बनाएका छौं।” स्नातक





तहमा क्याम्पसलाई आफूलाई चाहिने विद्यार्थी भर्ना गर्न पाउने व्यवस्था विश्वविद्यालयले गरेको छ। छात्रवृत्ति अन्य विश्वविद्यालयको तुलनामा आफूहरुले बढी दिएको उहाँले बताउनुभयो।

विश्वविद्यालयले एक वर्षमा स्नातक तहमा मात्र एक हजार एक सय जनाभन्दा बढी विद्यार्थीलाई छात्रवृत्ति दिएको छ। आङ्गीक क्याम्पसमा २० प्रतिशत र सम्बन्धन प्राप्त कलेजमा १० प्रतिशत छात्रवृत्ति दिने गरेको डिन ठकुराठीले जानकारी दिनुभयो।

विश्वविद्यालयमा ५८ सम्बन्धन प्राप्त, आङ्गीक चार र संयुक्त आङ्गीक तीन कलेज रहेका छन्। विज्ञान तथा प्रविधी सङ्कायमा २० क्याम्पस छन्। तीमध्ये एउटा आङ्गीक, एउटा संयुक्त आङ्गीक र १८ सम्बन्धन प्राप्त छन् । सबै कलेजले विद्यार्थी कोटाअनुसार पुऱ्याउन नसकेको उहाँले बताउनुभयो। सो अवसरमा डिन ठकुराठीले चितवन र छिमेकी जिल्लाका लागि प्राथमिकता दिँदै यहाँको युनाइटेड टेक्निकल कलेजमा यसै शैक्षिकसत्रबाट ब्याचलर अफ इञ्जिनियरिङ इन इन्फरमेसन टेक्नोलोजी (बिइ आइटी) तथा मास्टर अफ साइन्स इन ट्रान्सपोटेसन इञ्जिनियरिङ एण्ड म्यानेजमेन्टको पढाई सुरु गरेको बताउनुभयो । कार्यक्रममा कलेजका प्रिन्सिपल एवं शैक्षिक निर्देशक प्रा डा केशवदत्त अवस्थीले कलेजले बिइ आइटीमा ४८ जना तथा ‘एमएससी इन ट्रान्सपोटेसन इञ्जिनियरिङ एण्ड म्यानेजमेन्ट’मा हरेक ६ महिनामा ३० विद्यार्थी भर्ना लिनेगरी पठनपाठन गर्न लागिएको बताउनुभयो।

कार्यक्रममा क्याम्पस सञ्चालक समितिका अध्यक्ष चूडामणि खनालले हाल कलेजले स्नातक तहमा बीइ कम्प्युटर, बीइ सिभिल, बीइ इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स तथा स्नातकोत्तर तहमा एमएससी इन कन्स्ट्रक्सन म्यानेजको अध्यापन गराइरहेको बताउनुभयो। कलेजबाट हालसम्म पाँच सय ९६ इञ्जिनियर उत्पादन भएको उहाँले बताउनुभयो।

सो अससरमा त्रिभुवन विश्वविद्यालय पुलचोक क्याम्पसका निर्देशक एवं आइटी विज्ञ प्रा डा सुवर्ण शाक्य, पुलचोक क्याम्पसका उपप्राध्यापक एवं ट्रान्सपोटेसन इञ्जिनियरिङ विज्ञ डा प्रदीप श्रेष्ठ, जर्नलका प्रधानसम्पादक डा अञ्जयकुमार मिश्र, कलेजका प्रमुख प्रशासकीय अधिकृत विनोद ढकाललगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो।रासस

# ‘नेपाल प्रहरी बौद्धिक क्षेत्रमा पनि सक्षम छ’

काठमाण्डु। प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले नेपाल प्रहरी कानुन कार्यान्वयनमा मात्रै नभई बौद्धिक क्षेत्रमा पनि त्यत्तिकै सक्षम रहेको बताउनुभएको छ।

नेपाल पुलिस क्लब भृकुटीमण्डपमा शनिबार प्रहरी उपरीक्षक नवीनकिशोर प्रधानद्वारा लिखित ‘सादृश्य विम्ब’ कथासङ्ग्रह र ‘लेखान्त’ नाटक लोकार्पण कार्यक्रमलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक कुँवरले साहित्य लेखन कठिन परिश्रम गर्नुपर्ने क्षेत्र भएको बताउनुभयो।

साहित्यमा ज्ञान र क्षमताको साथै धैर्यताको पनि निकै आवश्यकता पर्ने बताउँदै उहाँले आम जनमानसमा रहेको प्रहरीप्रतिको लाठी र बन्दुक मात्र बोक्ने भन्ने परम्परागत बुझाइलाई चिर्न यस कृति प्रशंसनीय रहेको उल्लेख गर्नुभयो।

अहिलेको विद्यमान परिवेशमा प्रहरीको कार्यक्षेत्र शान्ति सुरक्षा अमनचयन कायम गर्ने, अपराध न्यूनीकरण र अनुसन्धान गर्ने तथा विविध प्रहरी कार्यद्वारा सुरक्षाको प्रत्याभूति प्रदान गर्नुका साथै प्रहरीमा बहुआयामिक प्रतिभासमेत हुन्छ भन्ने तथ्य आजको नाटक तथा कथासङ्ग्रहको लोकार्पणले प्रष्फुटित गरेको महानिरीक्षक कुँवरले उल्लेख गर्नुभयो।

वंश परम्परासम्बन्धी मोह, सामाजिक रूपान्तरण, नयाँ र पुरानो पुस्ताबीचको मानसिक मतभेदजस्ता सामाजिक विषयवस्तु समेटिएको लेखान्त नाटक तथा हालको सामाजिक एवं राजनीतिक



वस्तुस्थितिमा आधारित ‘सादृश्य विम्ब’ सामाजका विविध पक्षहरूलाई उजागर गर्दै उहाँले नयाँ दृष्टिकोण प्रदान गर्ने र पाठकहरूको मन मस्तिष्कमा दीर्घकालीन प्रभाव पार्ने साहित्यिक सिर्जनका रूपमा रहने अपेक्षा लिएको बताउनुभयो।

उक्त अवसरमा प्राज्ञ डा मधुसुदन गिरीले ‘सादृश्य विम्ब’ कथासङ्ग्रह र डा भक्त राईले ‘लेखान्त’ नाटक कृतिको समीक्षा गर्दै कृतिमा समेटिएका विषयवस्तु एवं लेखकको लेखन कौशलताका बारेमा चर्चा गर्नुभएको थियो।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त। |
| बृष | : वाद विवादबाट बच्नु। |
| मिथून | : पुरस्कार प्राप्त लाभ। |
| कर्कट | : नयाँ कार्य हुने। |
| सिंह | : बौद्धिक क्षमता। |
| कन्या | : प्रतिभा सम्पन्नता। |
| तुला | : शिक्षामा उन्नति। |
| वृश्चिक | : पारिवाहिक सुख। |
| धनु | : धन वृद्धि सञ्चय। |
| मकर | : प्रेम प्रसंग, मित्र सुख। |
| कुम्भ | : सुख समृद्धि हुने। |
| मीन | : भ्रमण अवसर हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**अलपत्र बसपार्क** : पाँच वर्ष अघि निर्माण सम्पन्न भइसके पनि सञ्चालन हुन नसकेको सुनसरीको इनरुवा नगरपालिका-४ स्थित बसपार्क। स्मार्ट सिटी योजना अन्तर्गत शहरी विकास मन्त्रालयले निर्माण गरेको बसपार्क दुईपटक सञ्चालनको प्रयास गरिए पनि हाल अलपत्र अवस्थामा छ। *तस्बिर :रासस*

# डेङ्गी र हैजाका सङ्क्रमित बढे

काठमाण्डु । पछिल्लो समय डेङ्गी र हैजाका सङ्क्रमितको सङ्ख्यामा वृद्धि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका अनुसार डेङ्गी सङ्क्रमितको सङ्ख्यामा तीन हजार ८४ पुगेको छ। चार दिनयता सात सय २२ जना डेङ्गी सङ्क्रमित थपिएका हुन्। यही साउन २१ गते दुई हजार तीन सय ६५ जनामा डेङ्गी पुष्टि भएको थियो। यो सङ्ख्या शुक्रबारसम्म तीन हजार ८४ रहेको महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालले जानकारी दिनुभयो।



उहाँका अनुसार मुस्ताङ, डोल्पा, जुम्ला र हुम्लाबाहेक सबै जिल्लामा डेङ्गी सङ्क्रमण फैलिएको छ। सबभन्दा बढी डेङ्गी तनहुँमा पाँच सय ८३ जनामा देखिएको छ। काठमाडौँ जिल्लामा तीन सय सात, कास्कीमा एक सय ६६ र झापा एक सय ३५ जना डेङ्गी सङ्क्रमित देखिएका छन्।

स्वास्थ्य मन्त्रालयले डेङ्गी सङ्क्रमितको सङ्ख्या बढेपछि हरेक शुक्रबार सरकारी तथा गैरसरकारी कार्यालयमा र अस्पताल परिसरमा सरसफाइ गर्नुको साथै 'लामखुट्टे खोज र नष्ट गर' अभियान सञ्चालन गर्न आग्रह गरेको छ। 'सरकारी अस्पतालमा डेङ्गी रोगका बिरामीको उपचार खर्च सरकारले व्यहोर्ने निर्णय गरेको छ।

**४७ मा हैजा पुष्टि**

यस्तै महाशाखाका अनुसार हैजाका बिरामीका सङ्ख्या ४७ पुगेका छन्। किटजन्य रोग शाखाका प्रमुख डा दाहालले ललितपुर, काठमाण्डु, प्यूठान, कैलाली र रुपन्देहीमा हैजाका बिरामी देखिएका बताउनुभयो।

उहाँका अनुसार ललितपुरमा ३४, काठमाण्डुमा दुई, कैलालीमा आठ , प्यूठानमा दुई र रुपन्देहीमा एक जनामा हैजा पुष्टि भएको छ।रासस

# क्यान्सर अस्पतालमा अत्याधुनिक लेजर मेसिनद्वारा युरोलोजी सर्जरी



चितवन । बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरमा अत्याधुनिक लेजर मेसिनद्वारा युरोलोजी सर्जरी सेवा सुरु गरिएको छ। यो अत्याधुनिक थुलियम फाइबर लेजर (टिएफएल) मेसिन हो।

अस्पतालका उपनिर्देशक एवं युरोलोजिष्ट डा उमेश नेपालले इण्डोयुरोलोजी सेवाको पछिल्लो प्रविधि (लेटेस्ट टेक्नोलोजी) भएकाले सेवाको समयसापेक्ष स्तरोन्नति हुने बताउनुभयो। यसअघि युरोलोजीमा प्रयोग हुने लेजरहरु होल्मियम लेजरको पल्स एमल्सन हुने हुनाले टिस्यू च्यातिने सम्भावना (टिस्यू टिएरिङ इफेक्ट) हुने जनाउँदै उहाँले टिएफएल निरन्तर बीममा निस्किने र टिस्यु च्यातिने समस्या नहुने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "यो प्रविधिबाट शल्यक्रिया गर्दा रक्तश्राव अति नै न्यून हुन्छ। टिस्यू पेनिट्रेसन सबैभन्दा कम हुने हुनाले जोखिम दर अति नै न्यून हुन्छ।"

अस्पतालमा हरेक वर्ष चार सय ५० हाराहारी पिसाब थैलीका क्यान्सर र एक सय हाराहारी प्रोस्टेट क्यान्सरको शल्यक्रिया हुने जानकारी दिँदै डा नेपालले यस्ता बिरामीका लागि यो प्रविधि निकै लाभदायी हुने बताउनुभयो। उहाँले भन्नुभयो, "एन ब्लक रिसेक्सन गर्न मिल्ने भएकाले पुनःशल्यक्रिया गर्नुपर्ने सम्भावना पनि न्यून हुन्छ।" मेसिन जडान गरेसँगै शुक्रबार पहिलो दिन तीन वटा शल्यक्रिया गरिएको छ।

अस्पतालका कार्यकारी निर्देशक डा शिवजी पौडेलले आधुनिक उपकरणहरु भित्र्याएर सेवा चुस्तदुरुस्त एवं बिरामीलाई सहज बनाउने काममा आफूहरु लागि परेको बताउनुभयो। अस्पतालमा देशभर र भारतीय सीमा क्षेत्रबाट बिरामी उपचारका लागि आउने उहाँको भनाइ छ।रासस

# सङ्गीतकर्मीले सम्झिए गुरुदेव कामत

काठमाण्डु । दिवङ्गत हुनुभएका शास्त्रीय सङ्गीतका गायक तथा सङ्गीतकार गुरुदेव कामतलाई स्मरण गरिएको छ। शनिबार जमलस्थित नाँचघरमा गुरुदेव कामत सङ्गीत फाउण्डेसन तथा गुरुकुल सङ्गीत पाठशालाले संयुक्त रूपमा आयोजना गरेको श्रद्धाञ्जली एवं समवेदना कार्यक्रममा उहाँको गीतसङ्गीतसँगै नेपाली शास्त्रीय गीतसङ्गीतमा गायक कामतले पुर्याउनुभएको योगदानको चर्चा गरियो।




कलाकार मदनदास श्रेष्ठले गायक कामतसँग पहिलोपटक रेडियो नेपालमा भेटेको स्मरण गर्दै गीतसङ्गीत सदैव अमर रहने बताउनुभयो। उहाँले भन्नुभयो, "उहाँ निकै सरल र मिलनसार स्वभावको हुनुहुन्थ्यो। आफ्ना पीडा लुकाएर पनि बाँच्ने मान्छे। उहाँका शिष्यले नै अब सङ्गीतमार्फत अमर बनाउनुपर्छ।"

कलाकार श्रेष्ठले गायक कामतको गीतसङ्गीत र सिर्जना आउँदो पुस्ताका लागि मार्गदर्शन हुनेमा जोड दिनुभयो। उहाँले एउटा सर्जक उपचार अभावमा ज्यान गुमाउनुपर्ने अवस्था राज्यका लागि सुहाउँदो नभएकाले आउँदा दिनमा यस्तो हुन नदिन गीतसङ्गीतलाई हेर्न गठित संस्थाले सतर्कता अपनाउनुपर्ने बताउनुभयो।

गायक कामतसँग निकट गायक तथा कलाकार मुरलीधरले आफूले भाइ गुमाएको बताउनुभयो। "मैले र गायक कामतले सँगै धेरै काम गरेका छौँ। नाटकदेखि गायनसम्म हामीले सहकार्य गर्यौँ", उहाँले भन्नुभयो।

उहाँले गायक कामतको सम्झना दुई गीत गुनगुनाउनुभयो। "उहाँले मलाई चलचित्रमा गीत गाउन दिनु भन्नुभएको थियो। तर, ती सब निर्माता र निर्देशकले तय गर्ने भएपछि मैले त्यो अवसर दिन सकिनँ। उहाँको त्यो गुनासो सम्झिरहेको छु, अब उहाँको कामलाई सङ्ग्रहित गर्नुपर्ने दायित्व शिष्य र फाउण्डेसनमा आएको छ", मुरलीधरले भन्नुभयो।

सङ्गीतकार राजु सिंहले गायक कामत सङ्गीतको अनुसाशित साधक रहेको बताउनुभयो। "गीतसङ्गीतमा साधना गर्ने एउटा अनुशासन हुन्छ। उहाँ त्यो कायम गरेर साधना गर्नुहुन्थ्यो। हामीले उहाँको सपनालाई पूरा गर्नु नै सच्चा श्रद्धाञ्जली हुनेछ। यसका लागि हामीले धेरै कार्य गर्नु छ", उहाँले भन्नुभयो। उहाँले सङ्गीतको बीमा हुनुपर्ने, गायक कामतको सालिक बन्नुपर्नेलगायत विषयमा चर्चा गर्नुभयो। गायक कामतको शिष्य रहनुभएकी गायिका शर्मिला बर्देवाले डायलाइसिसको समयमा अन्तिमपटक कुराकानी गरेको स्मरण गर्नुभयो।

उहाँले भन्नुभयो, "उहाँसँग थोरै बोल्न पाएँ, त्यही अन्तिम संवाद भयो। मैले उहाँसँग विसं २०२५ देखि २०४८ सम्म सङ्गीत सिकेकी थिएँ। त्यही क्रममा मलाई चलचित्रमा गाउने अवसर आएको थियो। उहाँले शास्त्रीय सङ्गीतलाई नछाडी अन्यलाई अँगाल्नु भन्नुभएको थियो। तर, विविध कारणले मैले शास्त्रीय सङ्गीतलाई निरन्तरता दिन सकिनँ, यसमा दुःख लागेको छ।"

कार्यक्रममा फाउण्डेसनका संस्थापक अध्यक्ष प्रभातसगार सिंह प्रधानले एउटा सर्जक उपचार गर्न नसकेर काठमाडौँ छाडेर गाउँ फर्कनु पीडादायक रहेको बताउनुभयो।"बिरामीहरुकाठमाडौँ उपचारगराउनआएकोसुनेकोछु,तर गायककामतगाउँफर्किनुभयो।यहाँ उपचारमा आर्थिक सङ्कट भएपछि गाउँमैकेहीहोलाभनेरफर्किनुभएको हो। हामीले पनि उपचारका लागि आर्थिक पहल गरिरहेका थियौँ, तर उहाँले छिट्टै छाडेर जानुभयो", अध्यक्ष प्रधानले भन्नुभयो।

त्यस अवसरमा साहित्यकार मुकुन्द पौडेलले गायक कामतको जीवनी सुनाउनुभएको थियो। यस्तै, उहाँका शिष्य भीम मगरसहितको समूहले गायक कामतको स्वर र सङ्गीत रहेको 'कुन पापीले कुन निष्ठुरीले....' गीतमार्फत श्रद्धाञ्जली दिनुभएको थियो।

यहीसाउन १७ गते दिवङ्गत हुनुभएका गायक कामतको १० औँ दिनमा श्रद्धाञ्जलीसभाको आयोजना गरिएको हो।रासस

# जिज्ञानद्वारा लिखित "जापान सपना, संघर्ष र सफलता" लोकार्पित

काठमाण्डु । जिज्ञानकुमार थापाको गैरआख्यान पुस्तक 'जापान सपना, सङ्घर्ष र सफलता'को आज यहाँ आयाजित कार्यक्रममा लोकार्पण गरिएको छ। चक डस्टर प्रालिले प्रकाशन गरेको उक्त पुस्तक नेपालका लागि जापानी राजदूत किकुता युताकालगायतले लोकार्पण गर्नुभयो।



राजदूत युताकाले आफूले लेखक थापालाई लामो समयदेखि चिनेको र पुस्तक लोकार्पणमा आउन पाउँदा निकै खुसी लागेको बताउनुभयो। "लेखक जिज्ञान कानागावामा रहेको कानागावा इन्टरनेशनल फाउण्डेसनमा काम गर्नुहुन्छ, म पनि त्यही क्षेत्रमा बस्छु, उहाँको पुस्तक लोकार्पण गर्न पाउँदा निकै खुसी लागेको छ। यो पुस्तक जापान जान र जापानबारे बुझ्न चाहनेका लागि उपयोगी हुनेमा विश्वस्त छु।"

उहाँले पछिल्लो समय जापानमा नेपाली विद्यार्थी र कामदारको स¤्या बढ्दै गएको उल्लेख गर्दै उनीहरूका लागि जापानमा बस्न र जापानी नागरिकबीच घुलमिल हुनका लागि यो पुस्तक सहयोगी हुने बताउनुभयो। "पछिल्लो समय त जापानमा नेपालीहरू बढ्दै गएका छन्, सिञ्जुकोलाई 'लिटिल नेपाल' भन्न थालिएको छ, नेपालबाट युवाशक्ति जापान जाँदा यसले हाम्रा मुलुकका लागि पनि फाइदा पुगेको छ।" उहाँले अब जापानले पनि नेपालको संस्कृतिबारे पनि जान्न आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो।

त्यस अवसरमा जापानका लागि नेपालका पूर्वराजदूत मदनकुमार भट्टराईले पुस्तक जापान जान चाहनेका लागि निकै उपयोगी हुने बताउनुभयो। "मेरो कूटनीतिक जीवनको ३७ वर्षमध्ये जापानमा रहँदा त्यहाँको रहनसहन र जनताको व्यवहारबाट निकै प्रभावित भएको थिएँ, जापानबारे बुझ्न यो पुस्तक थप सहयोगी हुने विश्वास लिएको छु", उहाँले भन्नुभयो।

पुस्तकमाथि चर्चा गर्दै शैलेन्द्र अधिकारीले जापान जान चाहनेका लागि त्यहाँ गएर काम खोज्न, त्यहाँको संस्कार सिक्न, घुलमिल हुनका लागि पुस्तक सहयोगी बन्नसक्ने धारणा व्यक्त गर्नुभयो।

लेखक थापाले सुरुमा पुस्तक निकाल्ने योजना नभए पनि धेरैको सल्लाह र सुझावपछि पुस्तकको आकार दिइएको बताउनुभयो। "२५ वर्षअघि जापान जाँदा मलाई अग्रजहरुले मार्गनिर्देशन गर्नुभएको थियो, त्यहाँ घुलमिल हुन सहयोग गर्नुभएको थियो, तर आजका दिनमा जापान जानेले त्यसरी सिकाउने र मार्गनिर्देशन गर्ने पाउँदैनन्", उहाँले भन्नुभयो, "यो पुस्तक जापान जानेहरुका लागि लक्ष्यित गरी प्रकाशित गरिएको हो।" उहाँले पुस्तकमा १६ पुष्ठ आफ्नो बारेमा लेखे पनि बाँकी भागमा अरुका लागि लेखिएको बताउनुभयो।

प्रकाशक चक डस्टरका प्रमुख हरि भट्टराईले सन् १९०२ मा अध्ययनका लागि जापान पुगेका नेपाली विद्यार्थीहरूले सन् १९०५ मा गोदाबरी फूल नेपाल ल्याएको इतिहास स्मरण गर्दै पछिल्लो समय जापान शिक्षा र रोजगारीका लागि नेपाली युवाको गन्तव्य बनेको बताउनुभयो। उहाँले जापान जान चाहनेका लागि पुस्तक निकै उपयोगी सावित हुने दाबी गर्नुभयो।

उक्त पुस्तक जापान पुगेका, जापान जान लागेका, जापान जाने सपना देखेका र जापानबारे जान्न चाहने सबैका लागि उपयोगी हुने बताइएको छ। पुस्तकमा जापानी रहनसहन, खानपान, भाषा, संस्कृतिदेखि नेपालीहरूले जापानमा अवलम्बन गर्नुपर्ने हरेक विषयलाई मिहिन ढङ्गले विश्लेषण गरिएको लेखक थापाले बताउनुभयो।

त्यस अवसरमा जापानका लागि नेपालका पूर्वराजदूत मदनकुमार भट्टराई, जापानिज युनिभर्सिटी अल्मुनाई एशोसिएसन नेपाल (जुवान)का अध्यक्ष सुनिलबाबु श्रेष्ठ, नेपाल जाइका अल्मुनाई एशोसिएसन (जान)का अध्यक्ष रामचन्द्र भुसाल, जापानी भाषा शिक्षक सङ्गठन नेपाल (जाल्टान)का अध्यक्ष राजेन्द्र केसीलगायतको उपस्थिति थियो।

योकोहामा नेशनल युनिभर्सिटीबाट अन्तर ाष्ट्रिय विकास सङ्काय (कानागावा प्रिफेक्चर) स्नातकोत्तर गरेक थापा हाल जापानमा जापानी भाषाको अनुवादक, कानागावा इन्टरनेशनल फाउण्डेसनको एकेडेमिक गभर्नरको सल्लाहकार, जापानको सरकारी माध्यमिक विद्यालय हिरानुमा हाइस्कुलको सञ्चालक समिति सदस्य, एभरेष्ट इन्टरनेशनल स्कुल, जापानको सल्लाहकार, गैरआवासीय नेपाली सङ्घ राष्ट्रिय समन्वय समिति परिषद् सल्लाहकार हुनुहुन्छ।

लामो समय जापानलाई कर्मथलो बनाउनुभएका थापाले जापानका विभिन्न टेलिभिजन र पत्रपत्रिकामा समसामयिक विषय र नेपाल-जापान सम्बन्धका विविध आयामहरूमा विभिन्न दृष्टिकोण प्रस्तुत गर्दै लेखहरु लेख्दै आउनुभएको छ। एक सय ४४ पृष्ठ लामो पुस्तकमा १३ अध्याय छन्। पुस्तकको मूल्य रु पाँच सय राखिएको छ।रासस

# विपन्नका लागि सत्र सय घर निर्माण



बनियानी। झापामा पछिल्लो सात वर्षमा 'सुरक्षित आवास कार्यक्रम'अन्तर्गत एक हजार सात सय ४२ घर निर्माण भएका छन्। स्थानीय तह, ह्याविट्याट फर ह्युमानिटी इन्टरनेशनल नेपाल र सहारा नेपालको संयुक्त साझेदारीमा यहाँका आठ स्थानीय तहमा ती घर निर्माण गरिएका हुन्।


'सहारा नेपाल'का सुरक्षित आवास कार्यक्रम संयोजक भीमप्रसाद भेटवालका अनुसार २०७४ सालमा आएको बाढीबाट विस्थापितका लागि सात सय २५ अस्थायी आवाससहित झापा र मोरङमा गरी दुई हजार नौ सय ९८ घर निर्माण गरिएका छन्। त्रिपक्षीय साझेदारीमा निर्माण हुने सुरक्षित आवासका लागि निम्न आय भएका र आफ्नो घर बनाउन नसक्ने परिवारका लागि सुरक्षित आवास प्रदान गरिने संयोजक भेटवालले बताउनुभयो।

"सम्बन्धित स्थानीय तहको वडाले त्यस्ता लाभग्राहीको नाम छनोट गर्दछन्", उहाँले भन्नुभयो, "वडाको सिफारिसका आधारमा ह्याविट्याट, सहारा नेपाल र स्थानीय तहको संयुक्त टोलीले अनुगमन गरेर मात्र नाम छनोट हुन्छ।" जग्गा भएकाको हकमा उनीहरुकै जग्गामा घर निर्माण गर्ने गरिन्छ भने जग्गा नभएकाको हकमा स्थानीय तहले जग्गा यकिन गरेर निस्सा उपलब्ध गराएपछि मात्र घर निर्माण गरिन्छ।

झापा र मोरङ जिल्लामा निर्माण भएका घरको ढाँचाअनुसार प्रतिघर लागत मूल्य रू एक लाख ८५ हजारदेखि रू ६ लाख २३ हजारसम्म (जन श्रमदानबाहेक) रहेको सहारा नेपालका राजु गिरीले जानकारी दिनुभयो। झापामा निर्माण भएका घर १६ फिट लम्बाइ र २० फिट चौडाइका रहेका छन्। बरण्डासहित दुई कोठा र एउटा भन्साकोठा तथा सबै घरमा शौचालय अनिवार्य गरिएको छ। मोरङ जिल्लामा निर्माण भएका घर १७.६७ फिट लम्बाइ र २२ फिट चौडाइका छन्।

झापा गाउँपालिका सबैभन्दा बढी आठ सय ५० घर निर्माण भएका छन्। आव २०८०/८१ मा एक २० घर निर्माण भएको सहारा नेपालले जनाएको छ। गाउँपालिकाको सहकार्यमा निर्मित घरमा हस्तान्तरण नभए पनि लाभग्राहीले बसोबास सुरु गरिसकेका छन्। हल्दीबारी गाउँपालिका ३२, बिर्तामोड नगरपालिकामा पाँच सय १४, अर्जुनधारा नगरपालिकामा ५४, गौरीगञ्ज गाउँपालिकामा ८६, भद्रपुर नगरपालिकामा १५, बाह्रदशी गाँउपालिकामा ३३ र कनकाई नगरपालिका एक सय ५८ घर निर्माण गरिएका छन्।

मोरङको बेलबारी नगरपालिकामा एक सय एक, धनपालथान गाउँपालिकामा ३९ तथा कानेपोखरी गाउँपालिकामा ५५ घर निर्माण भएका छन् भने २८ घर निर्माणाधीन अवस्थामा रहेका सहारा नेपालले जनाएको छ। रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# स्पष्टीकरणले तेजोबध

मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहलाई उनी सम्बद्ध जनमत पार्टीले कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै स्पष्टीकरण सोधेको छ । मधेश प्रदेश संसदीय दलका नेता समेत नरहेका सिंहलाई गत जेठ महिनाको अन्तिम हप्ता मुख्यमन्त्री बनाएको थियो । सिंहले दुई महिना भित्र नै जम्बो मन्त्रीमण्डल बनाएपछि आलोचित हुन थालेका छन् । विपक्षी दलहरुले सरकारलाई घेर्ने प्रयास गरिरहेका छन् । तर जनमत पार्टीले नै मुख्यमन्त्री सिंहको तेजोबध गरेको छ । मुख्यमन्त्रीमाथि लगाइएको आरोपहरुले उनको ओज घटेको छ । स्पष्टीकरण अनुसार मुख्यमन्त्री सिंहले पार्टी र जनहित विपरीतका कार्यहरुलाई प्राथमिकताका साथ गरेको देखिन्छ । मधेश प्रदेशमा मुख्यमन्त्री र मन्त्रीहरुलाई कर्मचारीले टेर्दैनन् । प्रदेश स्थापना भएदेखिकै यो प्रमुख समस्या हो । त्यो समस्या अझै हटिसकेको छैन । मुख्यमन्त्रीलाई पार्टीले मन्त्रीमण्डल विस्तारमा समन्वय नगरेको ,जनहितको कार्यलाई वेवास्ता गर्दै उद्घाटन भाषणमा केन्द्रित भएको, प्रदेश सभासदस्यलाई विकासका लागि ५ करोड दिने जस्ता घोषणा गरेर पार्टीलाई बदनाम गराएको आरोप लगाएपछि उनलाई कर्मचारीले अब टेर्दै टेर्दैनन् । सरकारबारे थोरै हलचल हुँदा त कर्मचारीहरुले साथ छाड्ने गरेका छन् । मुख्यमन्त्री सिंहप्रति पार्टीले नै गम्भीर आरोप लगाएर स्पष्टीकरण सोधेपछि उनी नरहने कर्मचारीहरुको बुझाइ छ । मुख्यमन्त्री सिंहले स्पष्टीकरण सोधिएकोलाई समान्य प्रक्रिया बताए पनि नेपालको एक दशक भन्दा कमको संघीय अभ्यासमा मुख्यमन्त्रीलाई स्पष्टीकरण सोधिएको यो नै पहिलो हो । मुख्यमन्त्री पार्टीको नभइ सरकारको नेतृत्व गर्ने भएकाले स्पष्टीकरणबाट उनको प्रभावलाई नै एक प्रकारले निस्तेज बनाइ दिएको छ । मन्त्रालय बाँडफाटमा पार्टीसित समन्वय नगरेको र राज्यमन्त्रीहरुको नियुक्तिमा समेत पार्टीलाई बेवास्ता गरिएको आरोप लागेपछि उनी स्वयंले पनि राजीनामा दिनु उपयुक्त हुनेछ । उनले स्पष्टीकरणको जवाफ दिएर पार्टी हाइकमान्डलाई सन्तुष्ट पार्न सक्लान ?तर पार्टीमा उनको अवस्था दयनीय नरहेको विश्वास कर्मचारी, गठबन्धन र जनतामा दिलाउन सक्ने छैनन् । कुनै सरकारको मूल्यांकनका लागि कम्तीमा सय दिन पर्खिने गरिन्छ । तर सिंहको हकमा उनको आफ्नै दलले ६० दिन नपुग्दै तेजोबध गरेको छ । सरकार जनमतको नभइ गठबन्धनको रहेको सफाइ दिएर चोखिने प्रयास हाइकमान्डले गर्न चाहे पनि त्यो मुश्किल छ । गठबन्धनमा रहेका ठूला दलहरु एमाले र नेपाली कांग्रेसले जनमत पार्टीले नै मन्त्रीको संख्या बढाउदा जम्बो सरकार बनेको आरोप लगाएका छन् । मुख्यमन्त्रीप्रति पार्टी अलाकमानको बक्रदृष्टि परिसकेको र त्यो छताछुल्ल समेत भइसकेकाले वर्तमान सरकार ढंगले अगाडि बढ्न सक्ने सम्भावना कमजोर छ । मुख्यमन्त्रीले राजीनामा दिए इज्जत जोगिने बाहेक स्पष्टीकरणको जवाफ दिएर सत्ता लम्बयाउने प्रयास गर्दा झन् कमजोर बन्ने छन् । त्यसले पार्टीलाई समेत हित गर्ने छैन ।

# बङ्गलादेशमा लोकतन्त्रको हत्या



**प्रभाषचन्द्र झा**
**वरिष्ठ पत्रकार**

कस्तो अनौंठो ! अठ्चालीस बर्ष पहिले बङ्गलादेशको संस्थापक एवम् राष्ट्रपति शेख मुजिव रहमानसहित उनकी श्रीमती र तीन छोरासमेत गरी अठाहर जनाको सेनाले क्रुरतापूर्वक हत्या गरेको थियो । गत, सोमवार सोही रहमानकी छोरी शेख हसिना वाजेवलाई सेनाले पैतालीस मिनेटभित्र देश छोड्न निर्देश गर्छ । पिता, माता र दाजुभाईको तुलनामा शेख हसिना भाग्यशाली ठहरिएको सम्झनु पर्दछ । किनकी,उनीहरुको सेनाले हत्या गरेको थियो । हसिनालाई सेनाले हत्या नगरी वा हत्या हुन नदिनका लागि देश छोडेर भाग्ने बाटो तयार गऱ्यो ।

शेख मुजिब रहमानले सन् १९७१ मा पाकिस्तानको पूर्वी भागको हिस्सालाई बङ्गलादेशको रुपमा स्थापना गरेको थियो । बङ्गलादेश निर्माण भएको चार बर्ष नवित्दै आफ्नै सेनाले १५ अगस्त १९७५उनीहरुको हत्या गरेको थियो । त्यो बेला उनी राष्ट्रपति थिए । उनको मेजर फारुख रहमान र मेजर रसिदले हत्या गरेको थियो । रहमानले संविधानमा बङ्गलादेशलाई धर्मनिरपेक्ष राष्ट्र घोषित गरेको थियो । कटट्रवादी मुश्लिमहरु रहमानमाथि बढी चिढिएका थिए । रहमानको हत्यापछि बङ्गलादेश एक इस्लामिक राष्ट्र घोषित भयो । रहमानको हत्याको समयमा उनकी दुई छोरी शेख हसिना र रिहाना जर्मनीमा थिइन् । त्यसकारण, उनीहरु कारण बाँच्न सफल भइन् । केही महिनापछि दुवैजनालाई भारतले शरण दिएको थियो । उनीहरुको बस्न र खाने प्रवन्ध मिलाइएको थियो ।

एक लोकतान्त्रिक सरकारका प्रमुखलाई देश छोडेर भाग्नु पर्दा अव बङ्गलादेश पुनः सेनाले सत्ता कब्जागर्ने सम्भावना देखिन थालिएको छ । तर, अहिले सेना पर्दा पछाडि रहेर नै काम गर्छ, जस्तो बुझिन्छ । नोवेल पुरस्कारबाट सम्मानित चौंरासी बर्षीय मोहम्मद युनुसलाई अन्तरिम सरकारको प्रमुख सल्लाहकार बनेका हुन् । उनको सललाहकारमा दुई छात्र नेतासहित सत्रह जना छन् ।

उनी विहीवार फ्रान्सको पेरिसबाट फर्केपछि अन्तरिम सरकारको प्रमुख सल्लाहकारको रुपमा राष्ट्रपति मोहम्मद शहाबुद्दीनले शपथ गराएका हुन् । गाम्रीण विकास बैङ्कको स्थापना गरी विपन्न परिवारको उत्थानमा उल्लेखनीय कार्य गरेको कारण मोहम्मद युनुसलाई नोवेल पुरस्कार प्रदान गरिएको थियो । लामो समय अमेरिकामा बसेका हुन् । उनलाई अमेरिकाको समर्थन प्राप्त छ । शेख हसिनाले यसलाई सुदखोर भन्ने गर्दथिन । किनकी, यसले अतिविपन्न परिवारलाई ब्याँजमा रकम दिने गर्दथ्यो । मोहम्मद युनुसलाई अमेरिकाको समर्थन छ ।

मोहम्मद युनुस शपथ लिनुअगावै भारतप्रति नकारात्मक दृष्टिकोण प्रकट गरेको थियो । लगातार अल्पसङ्ख्यक हिन्दुलगायत अन्य धर्मालम्बीहरुमाथि भइरहेको हिंसा, आतङ्क लुटपाटजस्ता घटना नियन्त्रण नभए आफू पद छोड्ने धम्कि दिएपछि बङ्गलादेशमा तुलनात्मक रुपमा अवस्थामा सुधार भइरहेका छन् । शुक्रवार हिन्दुहरु ढाका, ठाकुरबारीलगायतका ठाउँहरु एकजुट भएर 'हामी बङ्गाली हौं, बङ्गलादेश हाम्रो देश हो' हामी हिन्दु कतै जान्न भनेर हजारौं मानिसहरु ढाकाको शहरमा नारा लाउँदै उत्रेका छन् । त्यस्तै, हजारौ हिन्दुहरु राम र कृष्णको सडकमा उभेर भजन गरिरहेका छन् । सम्भवतः पहिलोचोटी बङ्गलादेश हिन्दुहरु एकजुट भएर हजारौंको सङ्ख्यामा उत्रेका हुन् । बङ्गलादेशको स्थापनाको क्रममा पाकिस्तानी सेनाले लाखौं हिन्दुको हत्या गरेको थियो । उतिखेर, बङ्गलादेशमा २२ प्रतिशत हिन्दु थियो । अहिले आठ प्रतिशतमा सिमीत भएको छ । पाकिस्तानी सेनाको दमनपछि लाखौं हिन्दुहरु पश्चिम बङ्गाल, आसामलगायतका राज्यमा प्रवेश गरेका थिए ।

दुई दिनदेखि विद्यार्थीहरुले स्थितिलाई साम्य पार्न सडकमा उत्रेका छन् । प्रहरीहरु हड्तालमा रहेकाले यतिखेर, विद्यार्थीहरु सडक ट्राफिक प्रहरीको दायित्व निर्वाह गरिरहेका छन् । लुटपाट हुन नदिनका लागि गस्ति लगाइरहेका छन् । जनजीवनलाई सामान्य बनाउने प्रयास भइरहेको देखिन्छ । बल्ल, सेना सडकमा देखिन थालिएको छ ।

गत, सोमवार ५ अगस्तको शेख हसिनाले देश छोडेपछि सेना प्रमुख वाकर उज जमानले सेनालाई सत्ता सञ्चालनका लागि जनतासँग अनुमति मागेको थियो । तर, आन्दोलनकारी विद्यार्थी नेताहरुले सैनिक शासन नचाहेको प्रतिक्रिया दिएपछि सेना तत्काल पछाडि हटेको देखिन्छ । युनुसलाई सरकार सञ्चालनमा सेनाकै सहयोग चाहिन्छ । किनभने, बङ्गलादेशमा अराजकता बढेको छ । राष्ट्रपति मोहम्मद शहाबुद्दीनले गत, मङ्गलवार संसद् विघटन गऱ्यो । उनले ८१ बर्षीया पूर्वप्रधानमन्त्री वेगम खालिदा जियालाई कारागारबाट रिहा गरेपछि उनले शेख हसिनालाई बङ्गलादेशलाई बुझाउन भारतसँग माग गरेकी छन् ।

शेख हसिना बङ्गलादेश छोडेको केही घण्टापछि चारैतिर लुटपाट मच्चिएको थियो । चार दिनसम्म लुटपाट जारी रह्यो । त्यसपछि, अवस्था सामान्य हुन लागेको छ । शेख हसिनाको बस्ने अर्थात प्रधानमन्त्रीको निवासमा हजारौं मानिस प्रवेश गरी लुटपाटको शुभारम्भ गरेको थियो । दर्जनौं मानिसहरुको हातमा टेलिभिजन, कुर्सी, दराज, फ्रिज, सोफा, पङ्खाका साथै जसले पाए, त्यो बोकेर आफ्नो घर लगेका छन् । शेख हसिनाकी भित्री लुगाहरु पनि लुटेको थियो । उनीहरुले निर्लज्ताको पराकाष्ठा नाघेको थियो । प्रधानमन्त्रीको निवासको व्यापक रुपमा क्षतिपनि गरेका छन् । विद्यार्थीहरु संसद भवनमा पनि पसेर तोडफोड गरेका छन् । सत्रह करोड जनसङ्ख्या भएको बङ्गलादेशको राजधानी ढाकामा सोमवार विहानैदेखि मानिसहरुको जमघट शुरु भइसकेको थियो । पाँच लाख मानिसको भिड शहरका सडकहरुमा उत्रिएपछि अवस्था विकराल बन्यो । सत्रह करोडमाथि पाँच लाख भिडले प्रधानमन्त्री हसिनालाई भाग्न बाध्य पाऱ्यो । एक निर्वाचित सरकारलाई देश छोडेर भाग्नु भने लोकतन्त्रको हत्या नै भएको सम्झनु पर्दछ ।

बङ्गलादेशमा अवामी लिगका कार्यकर्ता र हिन्दुहरु सवैभन्दा बढी असुरक्षित महशुस गरिरहेका छन् । आन्दोलनकारीहरुले हसिनाकी पार्टी अवामी लिगका कार्यकर्ताहरुको घरमा लुटपाट आगजनी, हत्याजस्ता अमानवीय कार्य जारी राखेका छन् । सोही क्रममा अवामी लिगका २० जना नेताको शव बरामद भएको छ । सो पार्टीका कार्यकर्ताको एक होटेलमा लुटपाटपछि आगजनी गर्दा २४ जना जलेर मरेका छन् । बङ्गलादेशको २७ जिल्लामा लुटपाट र हिंसाका घटनाहरु घटेका छन् । आन्दोलनकारीहरुले कारागारमाथि आक्रमण गरी पाँचसयभन्दा बढी कैदीहरुलाई भगाएका छन् ।

सडकमा प्रहरी छैन । प्रहरीले आफ्नो सुरक्षाको माग गर्दै हड्तालमा छन् । सेनाले लुटपाट भइरहेको भएपनि मुकदर्शक बनेको थियो । प्रसिद्ध गायक एवम् सङ्गीतकार राहुल आनन्दको ढाकास्थित भवनमा आगजनीका साथै उनको तीनसयभन्दा बढी बाद्ययन्त्रलाई फोडेको छ । कतिपय, हिन्दुहरुका मन्दिरका साथै घरमा आगजनी गरिएको छ । इस्काँनले निर्माण गरेको मन्दिरका मूर्तिपनि तोडिएको छ । इस्काँनले ६ महिनासम्म दुई लाख मानिसलाई निःशुल्क भोजन गराएका थिए । बङ्गलादेशमा करिव आठ प्रतिशत अर्थात एक करोड ३० लाख हिन्दु बसोवास गर्छन् । उनीहरुले बङ्गलादेशका संस्थापक एवम् पूर्वराष्ट्रपति शेखमुजिब रहमानको शालिकपनि भत्काएको छ । रहमान शेख हसिनाकी पिता हुन् । युरोपियन युनियन र संयुक्त राष्ट्र सङ्घले अल्पसङ्ख्यकमाथि आक्रमण प्रति चिन्ता व्यक्त गरेको छ ।

### शेख हसिनालाई किन देश छोड्नु पऱ्यो ?

बङ्गलादेशमा सरकारी नोकरीमा ५६ प्रतिशत सिट आरक्षित गरिएको थियो । सोमध्ये ३० प्रतिशत सन् २०७१ को मुक्ति वाहिनी परिवारका लागि छुट्ट्याइएको थियो । त्यसको विरोध हुँदा २०१८मा सरकारले स्थगित गऱ्यो । तर, कानुन खारेज गरिएको थिएन् । सर्वोच्चले आरक्षण लागू गर्न सरकारलाई निर्देश गरेपछि विद्यार्थीहरु आन्दोलित भए । आन्दोलन तीव्र भएपछि सर्वोच्चले आरक्षणलाई ७ प्रतिशतमा झाऱ्यो । तर, ढिलो भइसकेको थियो । सो आन्दोलनमा विद्यार्थीका साथै विपक्षी दल र कटट्र मुश्लिमवादी दल जमाइते इस्लामको सहभागिता रहेको विभिन्न सञ्चारमाध्यमले उल्लेख गरेका छन् ।

बङ्गलादेशको विकासमा शेख हसिनाको अमूल्य योगदान छ । आर्थिक क्षेत्रमा भारतलाई समेत नाघेको थियो । तर, दलहरुबीच एक अर्कालाई सखापपार्ने रणनीतिले गर्दा प्रतिशोधको भावना बढ्दै गयो । विपक्षीमा दमनको आरोपपनि छ । विद्यार्थी आन्दोलनलाई हिंसात्मक रुपमा परिणत गर्नमा विपक्षीहरुको भूमिका थियो । अन्ततः शेख हसिनालाई देश छोडेर भाग्नु पऱ्यो ।

### बङ्गलादेशको इतिहास

सवैभन्दा पहिले बङ्गलादेशको इतिहास सम्झनु पर्दछ । सन् १९४७मा भारतको विभाजन हुँदा बङ्गाल प्रान्तको पनि विभाजन भयो । हिन्दु बाहुल्य भूभाग पश्चिमी बङ्गाल जो भारतमा छ । त्यसको पूर्व दिशाको भाग पाकिस्तानमा पऱ्यो । बङ्गाली मुशलमानको आधिपत्य रहेको सो भुभागमा पाकिस्तानीहरुकै बर्चस्व थियो । उनीहरुले बङ्गाली भाषाको सट्टा सो क्षेत्रमा उर्दू भाषा शिक्षा र सरकारी कार्यालयहरुमा लागू गऱ्यो । जागिरमा पनि अधिकांस पाकिस्तानीहरु नै अवसर पाउँथे । बङ्गालीहरुले भाषिक आन्दोलनलाई तीव्रता दियो । अन्ततः शेख मुजिब रहमानको नेतृत्वमा आन्दोलन भयो । लगातार नौं महिना आन्दोलन चल्यो । सो आन्दोलनमा पाकिस्तानी सेनाले कमसेकम ३५ लाख बङ्गालीलाई मारेको चर्चा छ । हजारौं महिलाको बलात्कार गरेको थियो । अन्ततः सन् २६ डिसेम्बर १९७१मा बङ्गलादेश स्वतन्त्र भयो । १५ अगस्त १९७५मा सेनाद्वारा राष्ट्रपति शेख मुजिबको हत्यापछि सैनिक शासन शुरु भयो । त्यसपछि, राजनीतिक अस्थिरता बढ्दै गयो ।

### बङ्गलादेशको स्थापना र सैनिक शासन

सन् १९७५मा बङ्गलादेशका संस्थापक एवम् राष्ट्रपति शेख मुजिब रहमानको हत्यापछि लोकतन्त्र समाप्त भयो । सेनाको शासन शुरु भयो । जनरल सेना प्रमुख जियाउर रहमान विधिवत रुपमा राष्ट्रपति बन्यो र ईस्लाम धर्मलाई संवैधानिक मान्यता दियो । सन् १९७७मा संसदीय निर्वाचन भएपछि एक किसिमले बङ्गलादेश सैनिक शासनबाट मुक्त भयो । रहमानले बङ्गलादेश नेशनलिष्ट पार्टी स्थापना गरेको थियो । सोही पार्टीले बहुमत प्राप्त गरेपछि रहमान पुनः राष्ट्रपतिमा नियुक्त भए । सन् १९८१मा दोश्रो सैन्य विद्रोह भयो । शेख मुजिबजस्तै रहमानको पनि हत्या भयो । त्यसपछि, अब्दुस सत्तार राष्ट्रपतिमा नियुक्त भएका थिए । सन् १९८२ मा तेस्रोपटक सैन्य विद्रोह भयो । जनरल प्रमुख एर्साद सत्ता आफ्नो कब्जामा लिएर संविधान र राजनीतिक दलहरुमाथि प्रतिबन्ध लगाए । लगातार चार बर्ष शासन गरेपछि उनले सन् १९८६मा संसद र राष्ट्रपतिको निर्वाचन गराए । एर्साद विजयी भएपछि विधिवत रुपमा राष्ट्रपति बने र बङ्गलादेश प्रत्यक्ष रुपमा सैनिक शासनको अन्त्य भयो । त्यसपछि, उनले संविधानको पुनः बहाली गरे । सैनिक शासन हटेपछि जनताहरुले विस्तारै विस्तारै राष्ट्रपति एर्सादको विरुद्धमा बोल्न थाल्यो । त्यसपछि, उनले सङ्कटकालको घोषणा गऱ्यो । सर्वसाधारण जनता झन आक्रोसित हुँदै उनको विरुद्ध आन्दोलनलाई निरन्तरता दिँदै रह्यो । अन्ततः ठूलो जनविरोधको दवावमा परेर उनले राष्ट्रपति पद त्याग गरे । राजनीतिक उतार चढावपछि बङ्गादेशमा पुनः लोकतन्त्र स्थापना भयो । सन् १९९१ मा सम्पन्न निर्वाचनमा जियाउर रहमानकी श्रीमति खालिदा जियाले नेतृत्व गरेकी बङ्गलादेश नेशनल पार्टीले बहुमत ल्याएपछि उनी प्रधानमन्त्री भइन् । त्यसपछि, भ्रष्टाचारको अभियोगमा एर्सादलाई कारागार पठाइयो । बङ्गलादेशमा राजनीतिक स्थिरता आउन सकेन् । सन् २००१मा शेख हसिना र खालिदा जियाबीच प्रधानमन्त्री बन्ने विषयमा विवाद हुँदा कार्यवाहक प्रधानमन्त्री रहेका फखरुद्दीन अहमदले भ्रष्टाचारको अभियोगमा दुवैलाई जेलमा हालेर सत्तामा रजाइ गर्न थाल्यो । त्यसपछि, खालिदा जिया प्रधानमन्त्री बनिन् । बङ्गलादेश आन्तरिक राजनीतिक द्वन्द्वमा फस्दै गयो । २००९मा शेख हसिनाकी पार्टी अमावी लिगले बहुमत ल्याएपछि सरकार उनी प्रधानमन्त्री भइन् । त्यसपछि, लगातार १६ बर्ष उनी शासन सञ्चालन गरिन । हसिना बङ्गलादेशकी चारपटक प्रधानमन्त्री बन्ने अवसर प्राप्त गरिन ।

उनले बङ्गलादेशको निर्माणमा शहिद भएका परिवारका साथै आन्दोलनमा सहभागी भएका परिवारका सदस्यका लागि नोकरीमा ३० प्रतिशत आरक्षणको व्यवस्था गऱ्यो । सवै किसिमका आरक्षण गरी ५६ प्रतिशत थियो । विद्यार्थीहरुको दवावको कारण २०१८ मा उक्त आरक्षण सरकारले स्थगित गऱ्यो । सर्वोच्च अदालतले पुनः बहाली गरेपछि विद्यार्थी आन्दोलन चर्किएको हो ।

अर्को कुरो, सत्तामा पुग्नासाथ विपक्षी नेतालाई भ्रष्टाचारको अभियोगमा कारागार पठाउने खेल बङ्गलादेशमा नियति नै बन्यो । जुन शेख हसिनाको कार्यकालमा पनि जारी रह्यो । बङ्गलादेश नेशनलिष्ट पार्टीका नेता खालिदा जियालाई पनि १७ बर्ष सजाय दिइएको थियो । अहिले शेख हसिना बङ्गादेशमा भएको भए, कारागारमा हुन्थ्यो ।

### अव के हुन्छ ?

शेख हसिनासँग भारतको सम्बन्ध राम्रो थियो । मोहम्मद युनुसले भारतसँग गहिँरो सम्बन्धकै कारण शेख हसिनाको यस्तो हविगत भएको प्रतिक्रिया दिएपछि सम्भवतः भारतसँगको सम्बन्ध पहिलेजस्तो रहने सम्भावना कम छ । अमेरिकाले नयाँ सरकारसँग मिलेर काम गर्ने जानकारी गराइसकेका छन् । लोकतन्त्रको हिमायती अमेरिका बङ्गलादेशमा भिडतन्त्रले लोकतन्त्रको हत्या गरेको भनेर एक शब्द पनि बोलेन् । जेजस्तो भएपनि बङ्गलादेशमा जनसङ्ख्याको चाप अत्यधिक छ । अवस्था विग्रयो भने सम्हाल्न मुश्किल छ । हसिना पार्टी अमावी लिगका कार्यकर्ता र नेताको हत्यापछि हसिनाका छोरा साजिवले आमा पुनः बङ्गलादेश देश, आफूपनि राजनीतिमा कुद्ने घोषणापछि सो पार्टीका कार्यकर्ता र नेताको मनोवल उच्च भएको देखिन्छ । बङ्गलादेशमा युनुस नेतृत्वको सरकारको आयु तीन महिनाको छ । तोकिएको अवधिमा निर्वाचन गराएर नयाँ सरकारलाई सत्ता सुम्पनु पर्ने हो । हेरौं ! बङ्गलादेशमा लोकतन्त्र बहाल हुन्छ कि सेन्यतन्त्र शुरु हुन्छ । त्यो त केही दिनमै सङ्केत देखिन थाल्छ । 'इतिश्री'

> बङ्गलादेशमा युनुस नेतृत्वको सरकारको आयु तीन महिनाको छ । तोकिएको अवधिमा निर्वाचन गराएर नयाँ सरकारलाई सत्ता सुम्पनु पर्ने हो । हेरौं ! बङ्गलादेशमा लोकतन्त्र बहाल हुन्छ कि सेन्यतन्त्र शुरु हुन्छ । त्यो त केही दिनमै सङ्केत देखिन थाल्छ ।

# अमर व्यक्तित्व : पण्डितराज नयराज पन्त



**प्रा डा तीर्थप्रसाद मिश्र**


बहुआयामिक प्रतिभा सम्पन्न, आजन्म सरस्वतीभक्त, सत्यतथ्यको खोज तथा प्रकाशनमा अनवरत र अथकित अन्वेषण गर्ने, नेपाली इतिहासलेखन विधाका सशक्त सारथि, गणितज्ञ, ज्यौतिष, बहुभाषाविद्, शैक्षिक पुनर्जागरणका अग्रणी, साहित्यकार जस्ता अनेकौं विशेषता भएको मानवताका एक सरल पात्रको नाम हो; नयराज पन्त । नेपालको शिक्षाको इतिहासमा सर्वाधिक चर्चित उहाँ जस्ता व्यक्तित्वको गुणानुवर्णन शब्दकोशमा भएका सबै सकारात्मक विशेषणले भर्दा पनि अपुरो र अधुरो नै रहन्छ । नयनाथ पौडेल, अच्युत अधिकारी जस्ता सज्जनहरूले उहाँका सन्दर्भमा अनुसन्धान नै गरी विद्यावारिधि हासिल गरेको प्रसङ्ग स्मरणीय छ । यस्ता युगपुरुष नयराज गुरुको ११२ औं जन्मजयन्तीका अवसरमा यस लेखमा केही चर्चा गर्न खोजिएको छ ।

उहाँको जन्म १९७० साउन २६ गते काठमाडौंमा भएको थियो । करिब डेढ वर्षमा नै पिताजी गुमाउनुभएका पन्तको शिक्षादीक्षा पालनपोषण मावली बाजे पण्डित भुवननाथ पाँडेबाट भएको हो । बाजेकै प्रेरणा र आशीर्वादबाट उहाँ इतिहासको अध्ययन तथा अनुसन्धानतर्फ केन्द्रित हुनुभएको सन्दर्भको चर्चा स्वयम्ले गर्नुभएको छ । उहाँले १९ वर्षको उमेरमा १९८९ सालमा भारतको बनारसमा ज्यौतिष विषयमा अध्ययन कार्य थालनी गर्नु भई ज्योतिष विषयमा नै स्नातकोत्तर तह अब्बल श्रेणीमा उत्तीर्ण गरेपछि १९९५ सालमा काठमाडौं फर्कनुभयो । प्रारम्भमा रुद्रराज पाण्डेको सदासयबाट गुठी अड्डाका पुराना कागज अध्ययन, टिपोट र संरक्षण गर्ने काम पाउनुभयो । विसं १९९७ सालदेखि भाषानुवाद परिषद्मा काम गर्न प्रारम्भ गरी सोही सालदेखि नै रानीपोखरी संस्कृत पाठशालामा पढाउने दायित्व पनि ग्रहण गर्नुभयो । करिव ६ दशकसम्म निरन्तर राष्ट्रसेवामा समर्पित पण्डित नयराज पन्तले २००८ सालसम्म रानीपोखरी संस्कृत पाठशालामा पठनपाठन गर्नुभयो । विसं २०१० सम्म नेपाली भाषा प्रकाशिनी समितिमा र विसं २००८ देखि २०२२ सम्म नेपाल राजकीय संस्कृत विद्यालयमा सेवा गर्नुभएको थियो । विसं २०३३ देखि २०३५ सम्म त्रिभुवन विश्वविद्यालयमा सेवारत रहनुभएका पन्तले २०३६ सालदेखि चार पटकसम्म तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य भई उल्लेख्य सेवा गर्नुभएको थियो ।

पन्तले २००९ सालमा संशोधन मण्डल र गुरुकुलको परम्पराअनुसार पठनपाठन गर्ने पाठशाला पनि स्थापना गर्नुभयो । सोही पाठशाला र संशोधन मण्डलको उद्देश्यलाई सार्थक बनाउन सदैव तपस्यारत रहनुभयो । संस्कृत, हिन्दी र नेपाली भाषामा विशेष दख्खल राख्नुभएका पन्त गुरु अंग्रेजी पढ्ने र बुझ्ने समेत सामर्थ्य राख्नुहुन्थ्यो । नेपाली भाषामा नेपालको प्रामाणिक इतिहासको पुस्तक सर्वथा अभाव भएको अवस्थामा २००४ सालमा नयराज पन्तले तोत्रराज पाँडेसँग मिलेर नेपालको संक्षिप्त इतिहास प्रकाशन गर्नुभएको थियो । पन्त गुरुकै शिष्यहरूले तयार पारेको ऐतिहासिक पत्रसङ्ग्रह (भाग १ र २), जयरत्नाकर नाटक, इतिहास संशोधनको प्रमाण-प्रमेय, अभिलेखसङ्ग्रह जस्ता ग्रन्थमा उल्लेख भएका उपोद्घातबाट उहाँको विलक्षण क्षमता बुझ्न सकिन्छ । विसं २०२५ मा उहाँकै निर्देशनमा देवीप्रसाद भण्डारी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य तथा दिनेशराज पन्तद्वारा तयार पारिएको श्री ५ पृथ्वीनारायण शाहको उपदेश प्रकाशित भयो । विसं २०२९ मा उहाँका प्राचीन र नवीन गणितको तुलना र २०४३ सालमा लिच्छवि संवत्को निर्णय प्रकाशित भए । संशोधन मण्डलबाट तयार पारिएका सावधानपत्र र मुखपत्र पूर्णिमा पन्त गुरुको अनुसन्धानकै उपज हुन् । पूर्णिमामा प्रकाशित अनुसन्धानात्मक लेखहरूबाट नेपालको इतिहासको क्षितिज नै फराकिलो हुन पुगेको छ । पन्त गुरुका पद्य साहित्यका कुरा, पण्डित गोपाल पाँडे र उनको धनमूल ल्याउने नीति, हिन्दु सिद्धान्त ज्यौतिष र ग्रीक ज्यौतिषको तुलना, रत्नदीप, विश्रान्ति, सुमतितन्त्रलगायत करिब ३० वटा ग्रन्थ प्रकाशित भएका छन् ।

उहाँ नेपालको इतिहासलेखन विधाका भीष्मपितामह हुनुहुन्छ । इतिहास तथ्य र प्रमाणको आधारमा लेखिनुपर्छ भन्ने उहाँको मान्यता थियो । लिच्छवीकालदेखिका अभिलेख शिलालेखहरूको खोजी तथा सङ्कलन र व्याख्या तथा विश्लेषण गर्ने कार्यमा पनि उहाँ अग्रणी नै हुनुहुन्थ्यो । उहाँकै निर्देशनमा धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, शंकरमान जोशी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, ज्ञानमणि नेपाल तथा महेशराज पन्तले अभिलेखको खोजी गरी प्रकाशन गरेका थिए । उहाँबाटै दीक्षित भएका धनवज्र वज्राचार्यले लिच्छवीकाल, मध्यकाल र शाहकालका अभिलेखहरू सङ्कलन गरी प्रकाशनमा ल्याएका छन् । भगवान्लाल इन्द्रजी तथा नोलीहरूले अभिलेखहरूको पठन र व्याख्यामा गरेका कमजोरीहरू पनि उहाँले औल्याउनुभएको छ ।

नेपाली विद्वान्हरूले विदेशीहरूले लेखेका कृतिहरूलाई



परीक्षण नै नगरी लेख्ने गरेकामा कटु आलोचकका रूपमा उहाँ प्रस्तुत हुनुभयो । सूर्यविक्रम ज्ञवाली, डिल्लीरमण रेग्मी, बालचन्द्र शर्मा, ढुढडीराज भण्डारी आदिले लेखेका किताबमा भएका त्रुटि तथा कमीकमजोरी र इतिहास दर्शनको विपरीत भएका विवरणहरूको सप्रमाण खण्डन गर्ने जस्ता कार्य संशोधन मण्डलबाट भयो । यसबाट आफूलाई स्थापित इतिहासकार भन्न रुचाउने कतिपय व्यक्तिहरू नाखुस पनि भए । विदेशीहरूले प्रवाह गरेको सूचना र घटनालाई परीक्षण नै नगरी अनुसरण गर्ने तथा संशोधन मण्डलद्वारा प्रकाशित ग्रन्थहरूको आधारमा ऐतिहासिक घटनाको विश्लेषण गर्ने तर स्रोत चाहिँ नखुलाउने विद्वान्हरूको त गुरुले उछितो नै काट्नुभयो । उहाँले विश्वविद्यालयमा इतिहास नै पढाउने शिक्षकहरूको क्षमता र योग्यता तथा उनीहरूका प्रकाशनमाथि पनि प्रश्न उठाउनुभयो । राणाकालको स्तुतिगान गर्ने लेखकहरूले नै २००७ सालपछि राणाहरूलाई नै तथानाम गाली गरे । उनीहरूको यस्तो अवसरवादी प्रवृत्तिको पनि उहाँले उजागर गरिदिनुभयो । यस्ता कार्यले गर्दा नेपालको इतिहासमा कलम चलाउनेहरू सचेत मात्र भएनन्, प्रामाणिक इतिहास लेखनतर्फ पनि अग्रसर भए । पूर्णिमामा प्रकाशित अनुसन्धानात्मक लेखहरू त इतिहासलेखन र शोध कार्य गर्नेहरूका लागि असल खुराक बन्न पुगे । आज पनि नेपालका लिपि विशेषज्ञहरू सबै पन्त गुरुका शिष्य नै छन् ।

उहाँले स्थापना गरेको गुरुकुलबाट दीक्षित चेलाहरूले स्वदेश र विदेशमा पनि प्रसिद्धि कमाएका छन् । धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, ज्ञानमणि नेपाल, महेशराज पन्त, दिनेशराज पन्त जस्ता गुरुका अब्बल शिष्यहरू स्थापित इतिहासकार बन्न पुगेका छन् । त्यसैगरी देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल आदिले पनि आआफ्ना क्षेत्रमा ख्याति आर्जन गर्न सफल भएका छन् । आफ्ना शिष्यहरूको कार्यबाट प्रसन्न हुने गुरुको बानी थियो । उहाँले आफूले पाएको सुप्रबल गोर्खा दक्षिण बाहु पदक पनि तिनै योग्य शिष्यको कारणले पाएको हो भन्ने कुरा उल्लेख गर्नुभएको छ । उहाँले आफ्ना चेलालाई सम्बन्धित क्षेत्रमा विज्ञ र दक्ष बनाउनुभयो भने तिनै शिष्यले गुरुको नाम पनि अमर बनाएका छन् । संसारमा एउटै गुरुबाट यति सङ्ख्यामा विशेषज्ञ जनशक्ति उत्पादन गरेको घटना बिरलै पाइन्छ होला ।

उहाँले आफ्नो सिद्धान्त, आदर्श, मान्यता र कार्यलाई स्वीकार्य बनाउन ठूलो तपस्या गर्नुभएको थियो । उचित प्रश्रय, सदासयता, प्रशंसा र खातिरदारी नपाउँदा पनि उहाँको अर्जुनदृष्टिमा परिवर्तन भएन । बिस्तारै उहाँको ईर्ष्या गर्ने, खेदो खन्ने तथा प्राज्ञिक क्षमतालाई अवमूल्यन गर्नेहरू पनि उहाँको प्रशंसक बन्दै गए र संशोधन मण्डलको योगदानप्रति नतमस्तक हुँदै गए । नयराज पन्त र उहाँका शिष्यहरूले पाएको सम्मान, पुरस्कार र सराहनाबाट यो कुरा निर्विवाद तथ्य सावित भइसकेको छ । नयराज गुरुले २०४२ सालमा लिच्छवि संवत्को निर्णय ग्रन्थमा मदन पुरस्कार पाउनुभएको थियो भने २०४५ सालमा त्रिभुवन प्रज्ञा पुरस्कार पाउनुभएको थियो । उहाँले २०५३ मा आदिकवि भानुभक्त पुरस्कार र २०५७ सालमा त्रिभुवन विश्वविद्यालयबाट सम्मानार्थ महाविद्यावारिधिको उपाधि प्राप्त गर्नुभएको थियो । मदन पुरस्कारका लागि स्वयम्ले निवेदनसमेत नदिएर प्रकाशकले दिएको प्रसङ्गको चर्चा कमलमणि दीक्षितले गर्नुभएको छ । यथार्थमा भन्ने हो भने यी सम्मान प्रदान गरेर गुरुभन्दा पनि स्वयम् सम्मान गर्ने संस्था नै सम्मानित हुन पुगेका छन् ।

प्रज्ञा प्रतिष्ठानका प्राज्ञहरूले आफू पदमा रहँदा कति उल्लेख्य काम गरे, अनुसन्धान गरे, ग्रन्थ प्रकाशन गरे ? त्यसको लेखाजोखा कसैले गरेको पनि छैनन् तर प्रज्ञा प्रतिष्ठानले गुरुबाट अपेक्षा गरेभन्दा बढी उपलब्धि हासिल गरेको कुरा त्यसबेला उहाँबाट प्रकाशित भएका ग्रन्थ लेखरचनाहरूबाट स्पष्ट हुन्छ । दण्डवते नीति र कार्यबाट सदैव पृथक् रहने तथा राजनीतिमा नलाग्ने तर सरोकार राख्ने उहाँको विशेषता थियो । राणा, राजा र कांग्रेस नामक कृतिमा उहाँको दैनिकीमा उल्लेख भएको बुँदाबाट यो कुरा स्पष्ट हुन्छ । उहाँले विसं २००७ कात्तिकदेखि २००८ सालसम्मका महत्त्वपूर्ण घटना टिपिएको डायरी २०८० सालमा उहाँका पुत्र एवम् शिष्य डा महेशराज पन्तले सम्पादन र अनुवाद गरी प्रकाशन गरेका छन् । यसैगरी २०४६ सालको राजनीतिक परिवर्तनपश्चात् प्रज्ञा प्रतिष्ठानका उपकुलपतिलगायत सबैले राजीनामा दिँदा पनि उहाँले दिनुभएन, आफ्नै आदर्श मान्यतामा अडिग रहनुभयो । विसं २०४६ पछि गठित प्राज्ञमा उहाँलाई समावेश गरी प्रज्ञा प्रतिष्ठानको गरिमा बढाएको प्रसङ्ग स्मरणीय छ । ज्योतिषका प्रकाण्ड विद्वान् हुनाले ऐतिहासिक कालगणनाको निम्ति उहाँले पहिल्याउनुभएको परम्परागत कालगणना वैज्ञानिक र विश्वसनीय हुन पुगेको छ । संस्कृत वाङ्मयमा पारङ्गत गुरु नयराज नेपालको ऐतिहासिक तथ्योत्खननमा प्रथम आचार्य र एक सिङ्गो संस्था हुनुहुन्थ्यो भने उहाँ स्वयम् एक इतिहास हुन पुग्नुभएको छ ।

साधारण पहिरन रहनसहन खानपिनमा रमाउने उहाँ सरस्वतीभक्त हुनुहुन्थ्यो । लक्ष्मीको पछाडि उहाँ कहिल्यै पनि लाग्नुभएन यही कारणबाट नै नयराज पन्त सर्वमान्य गुरु नयराज पन्त हुन सक्नुभयो । आफ्नो कमाइ सबै संशोधन मण्डलको लालनपालनमा खर्च गर्नुभयो । कसैबाट कुनै अपेक्षा गर्नुभएन, कसैसँग हात पसार्नुभएन । यस्ता विद्वान् त अब इतिहासमा मात्र भेटिने आँकलन गर्न सकिन्छ । पाश्चात्य विद्यालाई भन्दा प्राच्य विद्यालाई महत्त्व दिने पन्त गुरु शैक्षिक संस्थाबाट प्राप्त हुने त्रिखण्डी शिक्षाबाट दक्ष जनशक्ति उत्पादन हुन नसक्ने अडानमा दृढ रहनुभयो । ज्योतिषशास्त्रमा उहाँले प्रतिपादन गर्नुभएका सिद्धान्त र विश्लेषणबाट विश्वमा नै उहाँ जस्ता व्यक्तित्व नभएको टिप्पणी पनि गर्ने गरिएको छ । कथ्य, मिथ्य र तथ्यको मिश्रण गरी इतिहास लेख्ने र वंशावलीलाई नै इतिहास हो भन्ने मानसिकता बोकेको जमानामा उहाँ इतिहास सत्य र तथ्यमा आधारित हुनुपर्छ, इतिहास विज्ञान र कला दुवै हो भन्ने सिद्धान्तका प्रणेता हुनुहुन्थ्यो । वास्तवमा नेपालको इतिहासलेखन विधाका महारथी नै पण्डितराज नयराज पन्त हुनुहुन्थ्यो । यस्ता व्यक्तिका विषयमा सरकारबाटै अध्ययन अनुसन्धान गर्ने तथा नाममा प्रतिष्ठान स्थापना हुनुपर्ने आवाज उठ्न थालेको छ तर यो आवाज सरोकारवालासम्म पुग्न सकेको छैन । यस्ता व्यक्तिको स्मरणबाट मुलुककै प्रतिष्ठा बढ्ने र भावी पुस्तालाई प्राज्ञिक खुराक मिल्ने कुरामा दुईमत नहोला । उहाँले देखाउनुभएको मार्गको अनुशरण गरेमा मात्र उहाँप्रति सच्चा श्रद्धाञ्जलि हुनछ । उहाँको नश्वर शरीर जहाँ पुगे पनि उहाँका कृति तथा योगदान र संशोधन मण्डलले गुरुलाई अजरामर बनाएका छन् । (लेखक संस्कृतविद् हुनुहुन्छ)

# देश गरिबीबाट मुक्त नभएसम्म समृद्धि हासिल हुँदैन : प्रधानमन्त्री




काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले देशवासीलाई गरिबीबाट मुक्त नगरेसम्म 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा नहुने बताउनुभएको छ।

'लायन्स इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ के' को जिल्ला पदस्थापना र प्रथम क्याबिनेटलाई शनिबार सम्बोधन गर्दै प्रधानमन्त्रीले मुलुकलाई अल्पविकसित राष्ट्रको सूचीबाट स्तरोन्नति गर्न रोजगारी, उत्पादन र उद्यमशीलतामा विशेष जोड दिन आवश्यक भएको बताउनुभयो । उहाँले त्यसतर्फ नै सरकारको ध्यान केन्द्रित रहेको बताउनुभयो।

"अझै पनि २० प्रतिशत नेपाली गरिबीको रेखामुनि छन्।

भोका बालबालिकका र मानिसलाई खान लाउने वातावरण दिन सकिएन भने हामीले समृद्ध नेपालको परिकल्पना गर्नुको सार्थकता रहँदैन ।'', प्रधानमन्त्री ओलीले भन्नुभयो, "हालै संयुक्त राष्ट्रसङ्घका प्रतिनिधिसँगको भेटमा मैले यो कुरा गरेको थिएँ।

मानव जगत्को सुरक्षा, शान्ति र समृद्धि हाम्रो साझा चासो हो।

मानव जाति नै सुरक्षित हुन सकेन भने पृथ्वीको सुरक्षामा जोखिम पर्नसक्छ।

अशान्तिहुनसक्छ । त्यसैले मानवको रक्षा पहिलो दायित्व हो भन्ने भावनाका साथ सबैले काम गर्नुपर्छ।''

आफूले सत्य र निष्ठाको राजनीति गर्दै आएकाले सत्यसँग नलड्ने र शक्तिसँग नझुक्ने मान्यताका साथ काम गरिरहेको स्पष्ट गर्दै सत्य र मानवसेवामा लाग्ने लायन्सका साथमा वर्तमान सरकार रहने बताउनुभयो । "म भ्रष्टाचार गर्दिनँ र गर्न दिन्नँ। म राष्ट्रको सम्पत्ति जालझेल गरेर आफ्नो नाममा कुनै पनि हालतमा ल्याउँदिनँ'', प्रधानमन्त्री ओलीले निष्ठाका साथ राष्ट्रको विकासमा आफूलाई केन्द्रित गर्ने प्रतिबद्धता दोहोऱ्याउँदै भन्नुभयो।

प्रधानमन्त्री ओलीले समाजलाई सुव्यवस्थित गर्ने काम राजनीति र राजनीतिक दलको भएको उल्लेख गर्दै आफूलाई अग्लो देखाउन अरुलाई होचो भन्ने वा असत्य कुरालाई आधार मानेर गाली गलौज र बदनाम गर्नेको प्रवृत्ति सही नहुने बताउनुभयो।रासस

# हुलाक सेवालाई प्रविधिमैत्री बनाउनुपर्नेमा सञ्चारमन्त्रीको जोड



लेखनाथ । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले हुलाक सेवालाई प्रभावकारी एवं प्रविधिमैत्री बनाउनुपर्नेमा जोड दिनुभएको छ।

पोखरास्थित हुलाक निर्देशनालयको निरीक्षणपछि मन्त्री गुरुङले हुलाकसम्बन्धी पुराना नीति, नियमलाई परिमार्जन गर्दै हुलाक सेवालाई समयसापेक्ष बनाउनुपर्ने बताउनुभयो।

हुलाक सेवा प्रभावकारी हुन नसकेको गुनासो आइरहेकै बेला यसलाई कसरी प्रभावकारी र प्रविधिमैत्री बनाउने भन्ने बारेमा आफू चिन्तित रहेको बताउनुभयो । दुर्गम गाउँका जनतालाई शीघ्र सेवा प्रवाह गर्न सम्बद्ध कर्मचारी सधै सचेत हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

"पुरानो ढर्राबाट अब हुलाक सेवा चल्ने वाला छैन, तत्कालै परिवर्तन गर्न सकिने अवस्था पनि छैन, विस्तारै हुलाक सेवालाई प्रविधिमैत्री बनाउने छु, मन्त्री गुरुङले भन्नुभयो-हुलाक सेवालाई समयसापेक्ष बनाउन कर्मचारी पनि प्रविधिमैत्री सिक्न जरुरी छ।"

निर्देशनालयका प्रमुख कीर्तनराज पौडेलले पर्याप्त जनशक्ति र यातायातका साधनको अभावमा पनि हुलाकका कर्मचारीले सेवा प्रवाह गरिरहेका बताउनुभयो। नब्बे जनाको दरबन्दी भएको निर्देशनालयमा ४२ कर्मचारीबाट काम भइरहेको बताउनुभयो ।रासस

# वर्तमान विश्वलाई पहिलेकोभन्दा बढी शान्ति चाहिएको छ : प्रधानमन्त्री



काठमाण्डु। प्रधानमन्त्री केपी शर्मा ओलीले अहिलेको विश्वलाई पहिलेकोभन्दा अझबढी शान्ति आवश्यक भएको बताउनुभएको छ।

यहाँस्थित धर्मकीर्ति बिहारमा एक वर्षसम्म सञ्चालित गृहस्थ जीवनसम्बन्धी प्रशिक्षणका सहभागीलाई प्रमाणपत्र वितरण गर्दै प्रधानमन्त्री ओलीले अहिलेको विश्वलाई शान्ति, करुणा, मानवता, स्नेह, ममता र परोपकारभाव अति आवश्यक भएकाले बौद्धशिक्षा अझ सामयिक भएको बताउनुभयो।

दम्भको मार्ग त्यागेर मानवनीयता र आत्मीयता अवलम्बन गर्न सके विश्वमा शान्ति कायम हुने र पृथ्वीको पनि रक्षा गर्न सकिने प्रधानमन्त्री ओली बताउनुभयो। उहाँले भन्नुभयो, "आज विश्वमा उन्माद र स्वार्थप्रेरित व्यवहारका कारण अशान्ति छाएको छ । आफ्नो जिद्धीका लागि निर्दोष मान्छेमाथि पनि कसले कतिबेला कहाँ सशस्त्र आक्रमण गर्नेहो भन्ने भयको वातावरणमा बस्नुपरेको छ । त्यसको अन्त्यका लागि बुद्धमार्गको अनुशीलन उपयोगी हुन्छ।'' उहाँले परस्पर बेमेल र अशान्ति मानवीय प्रवृत्ति नभएकाले त्यसले विनास मात्रै निम्त्याउने धारणा व्यक्त गर्नुभयो।

विहारका प्रमुख धम्मवतीले प्रधानमन्त्रीको आरोग्यको कामना गर्दै उहाँको नेतृत्वमा देश समृद्धिको पथमा अग्रसर हुने विश्वास व्यक्त गर्नुभयो । त्यस अवसरमा प्रधानमन्त्री ओलीकी धर्मपत्नी राधिका शाक्य र काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डङ्गोललगायत सहभागी हुनुहुन्थ्यो।रासस

# 'जनतामा नयाँ आशा जगाउन वर्तमान सरकार गठन भएको हो'




गण्डकी । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले राजनीतिक स्थायित्वसहित आर्थिक विकास र सुशासन कायम गर्न प्रमुख दुईदलका बीचमा सहकार्य भएको बताउनुभएको छ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) कास्कीद्वारा शनिबार पोखरामा आयोजित अगुवा कार्यकर्ता भेटघाट कार्यक्रममा उहाँले भन्नुभयो " जनतामा विकासको आशा जगाउन वर्तमान सरकार गठन भएको हो । सरकारले मुलुकसामु देखा परेका समस्यालाई सम्बोधन गर्नेछ।" उहाँले संसदीय व्यवस्था भएका मुलुकमा दुई ठूला दल मिलेर बिरलै सरकार बनाउने गरेपनि नेपालका लागि भने त्यो नौलो होइन भन्नुभयो। "मुलुकले भोग्नुपरेका समस्या समाधानका लागि यसअघि पनि कांग्रेस र एमालेबीचमा सहकार्य भएको थियो", उहाँले भन्नुभयो, "मन्दीमा रहेको अर्थतन्त्रलाई गतिशील बनाउने, रोजगारी सिर्जना, सुशासन र समृद्धिको सङ्कल्पसहित वर्तमान सरकार गठन भएको हो।"

वर्तमान सरकारलाई असफल हुने छुट नभएको जनाउँदै सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चार तथा सूचना प्रविधिमन्त्रीले पुराना र मूलधारका राजनीति दलको औचित्यमा प्रश्न उठ्न दिनुहुँदैन भन्नुभयो। उहाँले राजनीतिक स्थिरतासहित जनतामा विकास र सुशासनको अनुभूति गराउन सरकार क्रियाशील रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "लोकतन्त्र र गणतन्त्र ल्याउन सङ्घर्ष गरेका दलहरु असफल भएमा प्रतिगमनकारीले टाउको उठाउने जोखिम हुन्छ , यसतर्फ हामी सचेत बन्नुपर्छ।" रासस

## उद्योगमन्त्री भण्डारीद्वारा श्यामप्रसाद मुखर्जी पोर्टको अवलोकन

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले शनिबार भारतको हल्दियास्थित श्यामप्रसाद मुखर्जी पोर्टको अवलोकन गर्नुभएको छ।

अवलोकनका क्रममा उहाँले पोर्टका पदाधिकारीहरुसँग नेपालको पारवहन व्यापार प्रक्रिया सहजीकरण तथा लागत कम गर्ने विषयमा छलफल गर्नुभएको उहाँको सचिवालयले जनाएको छ। अवलोकन भ्रमणमा वाणिज्य मन्त्रालयका द्विपक्षीय शाखा हेर्ने सहसचिव बाबुराम अधिकारी तथा कलकतास्थित महावाणिज्य दूतावासका पदाधीकारीलगायत उपस्थिति थियो।

तेस्रो मुलुकसँगको व्यापारमा देखिएका प्रक्रियागत समस्या,



आयातकर्ता र निर्यातकर्ताका समस्याका विषयमा जानकारी लिइ कलकतास्थित महावाणिज्य दूतावास तथा गोदाम कम्पनी लिमिटेडलाई सहजीकरण गरी परिणाममुखी भएर काम गर्न मन्त्री भण्डारीले निर्देशन दिनुभयो।

उहाँले नेपाल पारवहन तथा गोदाम कम्पनी लिमिटेडले हल्दिया पोर्ट इन्टेरियर जोनभित्र दीर्घकालीन रुपले भाडामा लिएको जमिनको उपयोग, थप सम्भावन एवं औचित्यबारे गहन छलफल गरी कम्पनीको कार्यालय अनुगमन गर्दै आवश्यक निर्देशन दिनुभयो। रासस

# बृहत् वामपन्थी एकताका लागि पहल गर्ने माओवादी प्रस्ताव



काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले बृहत् वामपन्थी एकताका लागि पहल गर्ने भएको छ । पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा शनिबार बसेको पार्टीको स्थायी समितिको बैठकमा पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' वृहत् वामपन्थी एकताका लागि पहल गर्ने र स्पष्ट कार्यदिशाका साथ जनतामा जाने प्रस्ताव राख्नुभएको उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिनुभयो।

उहाँका अनुसार, देश र जनताको एजेण्डालाई प्रभावकारी रूपमा सदन र सडकमार्फत उठाउने, सङ्घर्षका कार्यक्रमलाई दुवै स्थानबाट प्रभावकारी रूपमा उठाउने र बृहत् वामपन्थी एकताका लागि पहल गर्ने विषयमा आजको बैठकमा छलफल भएको छ।

यस्तै, पार्टीभित्र व्यापक रूपमा शुद्धीकरणको अभियान चलाउने सन्दर्भमा पनि बैठकमा महत्त्वपूर्ण छलफल भएको थियो । अध्यक्ष दाहालले मुलुकको पछिल्लो राजनीतिक अवस्था, पार्टीले आगामी दिनमा लिने कार्यदिशा, विचार निर्माणलगायत विषयमा आफ्नो विचार राख्नुभएको थियो।

अध्यक्षले राख्नुभएको धारणाकाका आधारमा वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, उपाध्यक्ष सापकोटा, उपमहासचिवद्वय जनार्दन शर्मा र वर्षमान पुनले मन्तव्य राख्नुभएको प्रवक्ता सापकोटाले जानकारी दिनुभयो।

समाजवादी मोर्चामा रहेका शक्तिसँग नियमित संवाद भइरहेको जानकारी दिँदै प्रवक्ता सापकोटाले त्यसैका आधारमा बृहत् वामपन्थी एकताका लागि पहलकदमी लिनुपर्नेमा बैठकमा छलफल भएको बताउनुभयो।

बैठकमा नेताहरू परशुराम तामाङ, सुरेन्द्र कार्की, गणेशमान पुन, कुलप्रसाद केसी, गणेश साह, देवेन्द्र पौडेल, अमृता थापामगर, चक्रपाणि खनालले पार्टीको कार्यदिशा र भावी रणनीतिका बारेमा विचार व्यक्त गर्नुभएको थियो।

पार्टीको आठौं महाधिवेशनले विचारको संश्लेषण गरेको ठहर गर्दै विगतका सबै काम कारबाहीको पनि थप संश्लेषण गरिने उहाँको भनाइ छ । बैठक आइतबार बिहान ११:०० बजे पुनः बस्नेछ। रासस

# 'जनतामा निराशा आउन दिनुहुँदैन'



भक्तपुर । नेपाली कांग्रेसका महामन्त्री गगन थापाले ' अब देशमा केहि हुन्छ' भन्ने सकारात्मक सन्देश प्रवाह गर्नुपर्ने खाँचो औंल्याउनुभएको छ । उहाँले भन्नुभयो," स्वदेश मै केहि गर्न सकिन्छ भन्नेतर्फ युवालाई आकर्षित गर्नुपर्छ। यसका लागि राज्यले उचित वातावरण तयार गर्न समन्वकारी भूमिका निर्वाह गर्नुपर्छ। समाजमा गौरव गर्ने कुरा धेरै छन्। केही छैन, भन्ने सोच्नु हुँदैन। आर्थिक समृद्धि र विकासमा केहि पनि भएन भन्ने होइन।"

नेपाली कांग्रेसका नेता एवं शिक्षासेवी श्यामबहादुर कार्कीको १७औं स्मृति दिवसका अवसरमा बालकोटमा शनिबार आयोजित कार्यक्रममा महामन्त्री थापाले जनतामा निराशा आउन नदिन सरकारले विशेष ध्यान पुऱ्याउनुपर्छ भन्नुभयो।

उहाँले भन्नुभयो, "देशमा केही नभएको भाष्य निर्माण गर्न खोजिदैको छ , यसलाई चिर्नुपर्छ। विकास भइरहेको छ, अझै गर्नुपर्छ र गर्न सकिन्छ भन्ने विश्वास युवालाई जगाउनुपर्छ।"

महामन्त्री थापाले देशैभरका प्रजातन्त्र सेनानीको अभिलेख तयार पारी पार्टीको अभिलेखमा राख्ने र दश करोडको अक्षय कोष खडा गर्ने नीति पार्टीले लिएको जानकारी दिनुभयो । उहाँले कोषबाट प्राप्त रकम प्रजातन्त्र सेनानीका सन्ततीको शिक्षा र स्वास्थ्यमा उपयोग गरिने तयारी बताउनुभयो।

सो कार्यक्रममा कांग्रेसका जिल्ला सभापति सांसद दुर्लभ थापा, बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछाने, कांग्रेस नेता रामप्रसाद दवाडी, प्रदीप कार्कीलगायतले श्यामबहादुर कार्कीले पुऱ्याएको योगदानको बारेमा चर्चा गर्नुभयो।

कार्यक्रममा गणेश आधार भुत विद्यालय बालकोटका १०८ बालबालिकालाई झोला एवं शैक्षिक सामग्री वितरण गरिएको प्रतिष्ठानका अध्यक्ष विष्णुराज कार्कीले जानकारी दिनुभयो। सो अवसरमा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा भक्तपुरको सहयोगमा भएको रक्तदानमा ६१ जनाले रक्तदान गर्नुभएको थियो।रासस

# रास्वपाको कार्यशालामा समूहगत छलफल

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सुदूरपश्चिम प्रदेश, लुम्बिनी प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र मधेस प्रदेशमा पार्टीको बन्द कार्यशाला 'क्लोज क्याम्प' जारी राखेको छ।

पार्टीको वैचारिक, राजनीतिक र साङ्गठनिक पक्षमा छलफलसहित विधान संशोधनमा सुझाव दिन रास्वपाको प्रदेश समितिले आयोजना गरेको बन्द कार्यशाला तीन दिन अघि सुरु भएको हो। रास्वपाले अघिल्लो साता केन्द्रीय तहका नेताहरुका लागि काठमाण्डुमा दुईदिने कार्यशाला आयोजना गरेको थियो। सुदूरपश्चिममा ८०, लुम्बिनीमा ७०, गण्डकीमा ६०, कर्णालीमा ३० र मधेसमा ८० जना सहभागी उक्त कार्यशालामा ६ समूहमा विषयगत छलफल भइरहेको कार्यवाहक प्रवक्ता मनिष झाले जानकारी दिनुभयो।

'क्लोज क्याम्प'मा प्रदेश समितिका पदाधिकारी, सदस्य, जिल्ला संयोजक, उपसंयोजक एवं प्रदेशस्तरीय विभागका पदाधिकारी र सदस्य सहभागी छन भने उनीहरुलाई केन्द्रीय प्रतिनिधिले सहजीकरण गर्ने कार्यवाहक प्रवक्ता झाले जानकारी दिनुभयो । सहजीकरणका लागि सुदूरपश्चिममा दीपक बोहोरा र गणेश पराजुली, लुम्बिनीमा लक्ष्मी तिवारी र कुसुम महर्जन, गण्डकीमा शिव नेपाली र विजय जैरु, कर्णालीमा हरि ढकाल र विनिता कठायत तथा मधेसमा मनिष झा र कामिनी चौधरी हुनुहुन्छ। प्रवक्ता झाका अनुसार कोशी प्रदेशमा शनिबार सञ्चालन गरिएकोछ । कोशीमा निशा डाँगी र उपेन्द्र पाण्डेले सहजीकरणको जिम्मेवारी लिनुभएको थियो । बन्द कार्यशालाबाट विचार, सङ्गठन, अभियान, मूल्यमान्यता, संसदीय मामिला र क्यान्डिडेट क्लबर लिडरसिप एकेडेमीगरी छ वटा विषयमा भएको छलफलको निष्कर्ष एकीकृतगरी केन्द्रीय समितिमा बुझाइनेछ । रास्वपा केन्द्रले विधान संशोधनको सुझाव मागेकाले त्यसबारे छलफल भइरहेको सो पार्टीले जनाएको छ।

"बन्द कार्यशालाबाट आएका सुझाव केन्द्रीय समितिमा प्रस्तुत गरेर पार्टी विस्तार र सुदृढीकरणको योजना बनाउँछौँ", सहप्रवक्ता प्रतिभा रावलले भन्नुभयो, "राष्ट्रिय भेला र महाधिवेशनको मिति प्रस्ताव भइसकेकाले अभियानकै रुपमा पार्टीका कामलाई उठाउन कार्यशाला आयोजना गरेका हौं।" रासस

# शेख हसिनाको शरणका लागि आवेदन दिएको हल्ला अस्विकार गर्दै छोरा सजीब





एएनआई

वासिङ्टन डीसी । बङ्गलादेशका पूर्व प्रधानमन्त्री शेख हसिनाका छोरा सजीब वाजेद जोयले शनिबार आफ्नी आमाले शरणका लागि आवेदन दिएको हल्लालाई अस्वीकार गर्नुभएको छ।

एएनआईसँगको एक विशेष अन्तर्वार्तामा सजीब वाजेद जोयले आफू वा आफ्नो परिवारले सत्ताको लोभ नराखेको र बङ्गलादेशको हितका लागि काम गर्नु प्राथमिक प्रेरणा रहेकोमा जोड दिनुभयो।

"यी सबै हल्ला हुन्, मेरी आमाले कतै पनि शरणका लागि आवेदन दिनुभएको छैन । उहाँले आफ्नो जीवनको अधिकांश समय बङ्गलादेशमा बिताउनुभएको छ र देश बाहिर बस्ने उहाँको कुनै चाह छैन।

यस कार्यकालको अन्त्यमा उहाँको योजना सेवानिवृत्त भएर आफ्नो गाउँको घरमा बस्ने थियो। राजनीतिमा संलग्न भए वा नभएपनि उहाँ आफ्नो घर फर्कन चाहनुहुन्छ", उहाँले भन्नुभयो।

शेख हसिनाको राजनीतिमा फर्कने योजनाको बारेमा सोधिएको प्रश्नमा उहाँले भन्नुभयो, "यस विषयमा म जवाफ दिन सक्दिनँ, उहाँलाई नै सोध्नुपर्नेछ । मेरो परिवारमा हामीमध्ये कसैलाई पनि शक्ति वा राजनीतिको लोभ भएको छैन । मेरो परिवारका बाँकी सदस्य विदेशमा बसोबास गर्दै आएका छन्। म लगभग ३० वर्षदेखि अमेरिकामा बसोबास गर्दै आएको छु। तर हामी हाम्रो देशका लागि काम गर्न चाहन्छौँ", उहाँले बताउनुभयो।

सजीबले बङ्गलादेशमा लोकतन्त्र र कानुन व्यवस्था पुनर्स्थापना गर्न आफ्नो परिवारको प्रतिवद्धता पनि व्यक्त गर्नुभयो । "हामी देशको यस्तो अवस्था हेर्न सक्दैनौँ।

लोकतन्त्र पुनःस्थापना गर्न, कानुनी व्यवस्था पुनःस्थापना गर्न, हाम्रा देशका जनतालाई सुरक्षित राख्न जे आवश्यक छ, हामी गर्नेछौँ", उहाँले भन्नुभयो।

उहाँले बङ्गलादेशमा अल्पसङ्ख्यकको दुर्दशा र कानुन प्रवर्तनको अभावलाई प्रकाश पार्नुभएको छ।

## विद्यालयमा इजरायली हमला : एक सयभन्दा बढीको मृत्यु, दर्जनौं घाइते

एएफपी

गाजा। गाजाको नागरिक सुरक्षा विभागले शनिबार गाजा सहरको एक विद्यालयमा इजरायली हमलामा ज्यान गुमाउनेको संख्या ९० देखि एक सयसम्म पुगेको अनुमान गरेको छ।

"मृतकको संख्या हालसम्म ९० देखि एक सयबीचमा भएको अनुमान छ, दर्जनौं घाइते भएका छन् । विस्थापित प्यालेस्टिनी बस्ने विद्यालयमा तीनवटा इजरायली रकेट प्रहार गरिएको थियो", विभागका प्रवक्ता महमुद बासलले बताउनुभयो।



गाजाको सरकारी सञ्चार कार्यालयले आक्रमणमा एक सयभन्दा बढीको मृत्यु भएको बताएको छ।

इजरायली सेनाले अल-ताबिन विद्यालयमा रहेको हमासको "कमान्ड एन्ड कन्ट्रोल सेन्टर"मा आक्रमण गरेको बताएको छ।

इस्लामिक जिहाद प्यालेस्टिनी सैन्य समूहले बिहानको प्रार्थना गर्ने समयमा विद्यालयमा आक्रमण भएको बताएको छ।

गाजा सरकारी सञ्चार कार्यालयका महानिर्देशक इस्माइल अल-थावाब्ताले बताएअनुसार आक्रमणमा एक सयभन्दा बढीको मत्यु र दर्जनौं घाइते भएका छन्, जसमध्ये अधिकांशको अवस्था गम्भीर छ।

गाजा सरकारी सञ्चार स्रोतले उक्त विद्यालयमा करिब दुई सय ५० जना महिला, बालबालिका रहेको र तीमध्ये लगभग आधा महिला र बालबालिकाको आक्रमणमा मृत्यु भएको बताएका छन्।

# साफ यु-२० च्याम्पियनसिप- नेपाली टोलीको घोषणा



काठमाण्डु । अर्को साता काठमाडौंमा सुरु हुने साफ यु-२० च्याम्पियनसिपका लागि नेपाली टोलीको घोषणा भएको छ।

भदौ २ गतेबाट १० दिन चल्ने प्रतियोगिताका लागि अखिल नेपाल फुटबल संघ (एन्फा)ले शनिवार २३ सदस्यीय युवा टोलीको घोषणा गरेको हो।

प्रतियोगितामा ७ राष्ट्रको सहभागिता रहेको छ । ७ राष्ट्रलाई २ समूहमा विभाजन गरिएको छ। समूह ए मा नेपाल सहित बंगलादेश र श्रीलंका रहेका छन् ।

समुह बी मा भारत, माल्दिभ्स र भुटान रहेका छन् । नेपाल र श्रीलंकाले उद्घाटन खेलमा प्रतिस्पर्धा गर्नेछन्।

**नेपाली युवा टोली**

जियारथ शेख( गोलकिपर ), कृषल मोक्तान (गोलकिपर) ,विशाल केसी,सिमान्त थापा,अश्विन घोरा,सैनीबिक्रम तामाङ,आयुष तिम्सिना,मदन पौडेल,राम थापा,समिन घिमिरे,सरोज दर्लामी, निन्साङ लिम्बु, कुशल देउवा, अविनाश स्याङ्तान, जन प्रकाश बम, लचु थापा,निरज कार्की,हरिश राज भट्ट,धर्बेन्द्र कुँवर, अनिल बम्जन, समिर तामाङ, निराजन धामी, रोहन खड्गी

# अग्रतामा दक्षिण अफ्रिका



एजेन्सी - घरेलु टोली वेस्ट इन्डिजसँगको पहिलो टेस्टको तेस्रो दिनको खेल सकिदा पाहुना टोली दक्षिण अफ्रिकाले खेलमा पकड बनाएको छ।

तेस्रो दिन शुक्रवारको खेल सकिदा घरेलु टोली २ सय १२ रनले पछि छ। उसको हातमा ६ विकेट भने बाँकी रहेको छ।

वेस्ट इन्डिजका लागि केसी कार्टीले ८१ बलमा ४२, कप्तान केग्री ब्रेथवेट र माईकाल लुईसले समान ३५ रन जोडे ।

जेसन होल्डर १३ तथा केभम हाड्ज ११ रनमा अविजित रहेका छन् । दक्षिण अफ्रिकाका लागि केशव महाराजले ३ विकेट लिए।

त्यसअघि टस जितेर ब्याटिङ रोजेको पाहुना टोली पहिलो इनिङ्मा ३ सय ५७ रनमा अल आउट भएको थियो।

दक्षिण अफ्रिकाका लागि कप्तान टेम्बा बभुमा र ओपनर टोनी डि जोर्जीले अर्धशतक बनाएका थिए। कप्तान बभुमाले १ सय ८२ बलमा सर्वाधिक ८६ रन जोडे । ओपनर जोर्जीले १ सय ४५ बलमा ७८ रन बनाए । कायल भेरिनले ३९, ट्रिस्टन स्टम्सले २०, रायन रिकल्टनले १९, डेविड बेडिनहामले २९ रन जोडे । वायन मुल्दार ४१ रनमा अविजित रहँदा कागिसो रबडा २१ रन बनाए।

वेस्ट इन्डिजका लागि जमल वरिकेनले ४, जयडेन सेल्सले ३, किमार रोचले २ तथा जेसन होल्डरले १ विकेट लिए।

सिरिजको दोस्रो टेस्ट खेल १५ अगस्टबाट सुरु हुनेछ। दुई टोलीबीच २४ अगस्टबाट ३ खेलको टि ट्वान्टी सिरिज पनि रहेको छ।

# इजरायलको पछिल्लो निकासी आदेशपछि ६० हजार गाजावासी विस्थापित : राष्ट्रसंघ

सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घ । संयुक्त राष्ट्रका मानवतावादी संस्थाले शुक्रबार पछिल्लो इजरायली निकासी आदेशपछि कम्तिमा ६० हजार गाजवासी विस्थापित भई पश्चिमी खान युनूसतर्फ सरेको अनुमान गरेको छ।

मानवीय मामिला समन्वयका लागि राष्ट्रसङ्घीय कार्यालय (ओसिएचए) ले उत्तरी र दक्षिणी गाजाको लगभग ४३ वर्ग किलोमिटर क्षेत्रमा यस हप्ता इजरायलले निकासी आदेश जारी गरेको जानकारी दिएको छ।

ओसिएएचएले गाजामा आफ्ना साझेदारद्वारा करिब २३० विस्थापनस्थल, तीन दर्जन भन्दा बढी पानी, सरसफाई , अस्पतालसहित स्वास्थ्य सुविधाको व्यवस्था गरेको जनाएको छ।

गाजापट्टीको ८० प्रतिशतभन्दा बढी भूभागमा गत अक्टोबरदेखि निकासी आदेश जारी गरिएको अनुमान ओसिएएचएले गरेको छ। विपक्षीहरु बीच बढ्दो शत्रुता, सहायता अवरोध, असुरक्षालगायतका कारण गाजामा सहायता आपूर्ति चुनौतीपूर्ण बनेको कार्यालयले जनाएको छ।

मे महिनाको सुरुदेखि रफाह क्रसिङ्ग बन्द भएपछि गाजामा सहायताको मात्रा आधाभन्दा बढी घटेको ओसिएचएले जानकारी दिएको छ । यसै गरी विगत तीन महिनामा केरेम शालोम क्रसिङबाट भित्रिने सहायतामा ८० प्रतिशत भन्दा बढीको गिरावट देखिएको छ।

पछिल्लो समयमा मानवीय सहायताका लागि आवश्यक समन्वयको अनुरोधलाई इजरायली अधिकारीले बारम्बार अस्विकार र अवरोध गरेको ओसिएइचएले जनाएको छ।

कार्यालयको अनुसार चालु महिनामा उत्तरी गाजामा जारी ६७ सहायता मिसनमध्ये २४ वटालाई मात्र इजरायली अधिकारीहरूले सहयोग गरेका थिए।



## राष्ट्रसङ्घका प्रतिवेदकद्वारा इजरायलमाथि 'नरसंहार' को आरोप

एएफपी

जेरुसेलम । इजरायलले शनिबार एक विद्यालयलाई लक्षित गरी गरेको हवाई आक्रमणमा ९३ जनाको मृत्यु भएपछि संयुक्त राष्ट्रसङ्घद्वारा नियुक्त एक मानवअधिकार विज्ञले गाजा युद्धमा इजरायलले व्यापक 'नरसंहार' गरेको आरोप लगाउनुभएको छ।

"इजरायलले एउटा अस्पताल, विद्यालय र शरणार्थी शिविरमा आक्रमण गर्दा ठूलो मानवीय क्षति भएको र अधिकांश महिला बालबालिका र सर्वसाधारण हताहत भएका छन्," प्यालेस्टिनी भूभागमा अधिकारको स्थितिसम्बन्धी संयुक्त राष्ट्रसङ्घका विशेष प्रतिवेदक फ्रान्सेस्का अल्बानीजले सामाजिक सञ्जाल एक्समा भन्नुभएको छ।

इजरायलले ' अमेरिकी र युरोपेली हतियार' प्रयोग गरेर प्यालेस्टिनीविरुद्ध यस्तो आक्रमण गरिरहेको अल्बानीसले बताउनुभयो।

उहाँले भन्नुभयो, "प्यालेस्टिनीहरूले उनीहरूको रक्षाका लागि अधिकारवादी समूहले खेल्नुपर्ने भूमिकामा सामूहिक अक्षमताका लागि हामीलाई क्षमा गरून्।"

गत मार्चमा जारी गरिएको एक रिपोर्टमा अल्बानीजले गाजामा इजरायलले आफ्नो युद्धमा 'नरसंहार' का थुप्रै कार्यहरू गरेको पुष्टि गर्ने 'उचित आधार' रहेको बताउनुभएको थियो।

लामो समयदेखि अल्बानीज र उहाँको जिम्मेवारीको अत्यधिक आलोचना गर्दै आएको इजरायलले रिपोर्टलाई 'वास्तविकतालाई छायाँ पार्ने काम' का रूपमा निन्दा गर्दै आएको छ।

इजरायलमा अक्टोबर ७ मा हमास समूहले गरेको आक्रमणको बदलामा गाजापट्टीमा १० महिना लामो सैन्य कारबाही चलाउँदै आएको इजरायलमाथि हमासले गरेको आक्रमणको पनि उहाँले निन्दा गर्दै आउनुभएको छ।

विशेष दूतहरू संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार परिषद्वारा नियुक्त भएका स्वतन्त्र पर्यवेक्षक हुन्।

# अफगानिस्तानकी खेलाडी तलाश पेरिस ओलम्पिकबाट अयोग्य घोषित

एएफपी

पेरिस । शरणार्थी ओलम्पिक टोलीका सदस्य अफगानिस्तानकी 'ब्रेकडान्सर' मनीजा तलाशलाई "अफगानी महिलालाई स्वतन्त्र गर" लेखिएको पहिरन प्रदर्शन गरेकाले पेरिस ओलम्पिबाट अयोग्य घोषित गरिएको विश्व डान्सस्पोर्ट महासङ्घले शनिबार जनाएको छ।



एक्काइस वर्षीया बी-गर्ल तलाश नेदरल्यान्ड्सको इंडिया सार्डजो विरुद्धको पहिलो प्रतिष्पर्धाको ठीक अघि शुक्रबार नारासहितको निलो पहिरन पहिरिएर प्रस्तुत हुनुभएको थियो।

"शरणार्थी टोलीका सदस्य एथलीट बी-गर्ल तलाशले ओलम्पिक अधिकारपत्रको नियम ५० को उल्लङ्घन गर्दै आफ्नो पोशाकमा राजनीतिक नारा प्रदर्शन गरेकोमा अयोग्य घोषित गरिएको हो", डान्सस्पोर्ट महासङ्घले विज्ञप्तिमा जनाएको छ।

नियम ५० ले कुनै पनि ओलम्पिकस्थल वा अन्य क्षेत्रमा कुनै पनि प्रकारको प्रदर्शन वा राजनीतिक, धार्मिक वा जातीय प्रचारमा प्रतिबन्ध लगाएको छ।

सन् २०२१ देखि तालिबानको नियन्त्रणमा रहेको काबुलमा जन्मनुभएको तलाश देशबाट भागेर आफ्ना दुई दाजुभाइसँग स्पेनमा बस्दै आउनुभएको छ।

"मैले तालिबानसँग डराएर वा अफगानिस्तानमा बस्न नसकेर देश छाडेको होइन । मैले अफगानिस्तानका महिलाका लागि, आफ्नो भविष्यको लागि देश छोडेको हो", उहाँले प्रतियोगिता अघि भन्नुभएको थियो।

"मैले आफ्नो लक्ष्य पुरा गर्ने जोखिम लिएँ। मेरो हृदयमा डर छ तर म हार मान्दिनँ", उहाँले सन् २०२१ मा एएफपीलाई भन्नुभएको थियो।

पेरिस ओलम्पिकमा साइक्लिङ, एथलेटिक्स, पौडी खेल्ने र जुडो स्पर्धामा तालिबान सरकारले स्वीकार नगरेको तीन महिलासहित छ जना खेलाडीले अफगानिस्तानको प्रतिनिधित्व गरेका थिए।

# रोकिएन बंगलादेशमा आन्दोलन, प्रधानन्यायाधीशको राजीनामा माग

एजेन्सी

ढाका । बंगलादेशमा अन्तरिम सरकार बनेपछि पनि विद्यार्थी आन्दोलन रोकिएको छैन । शनिबार आन्दोलनरत विद्यार्थीले बंगलादेशको सर्वोच्च अदालत घेराउ गरेका हुन्।

बीबीसी बंगला सेवाका संवाददाता अकबर हुसेनका अनुसार हजारौँ प्रदर्शनकारी विद्यार्थीले सर्वोच्च अदालतका प्रधानन्यायाधीशको राजीनामा माग गरिरहेका छन्। प्रधानन्यायाधीशले पूर्वप्रधानमन्त्री शेख हसिनाको पक्षमा न्यायिक विद्रोह गर्ने काम गरिरहेको विद्यार्थीहरूले आरोप लगाएका छन्।

य स अ ि घ बंगलादेशमा अन्तरिम सरकार गठन भएको थियो। नोबेल पुरस्कार विजेता अर्थशास्त्री मोहम्मद युनुसले अन्तरिम सरकारको प्रमुख सल्लाहकारको रूपमा शपथ लिएका छन् । राष्ट्रपति मोहम्मद शाहबुद्दीन, सैनिक नेता र विद्यार्थी नेताहरूबिचको बैठकपछि प्राध्यापक युनुसलाई अन्तरिम सरकारको प्रमुख सल्लाहकारमा मनोनीत गर्ने निर्णय भएको थियो।




## ब्राजिलमा विमान दुर्घटनामा ६१ जनाको मृत्यु

एएफपी

विन्हेडो। ब्राजिलको साओ पाउलो राज्यमा शुक्रबार ५७ जना यात्रु र चार चालक दलका सदस्य बोकेको एक विमान दुर्घटनामा परेको छ। विमानमा सवार सब ६१ जनाको मृत्यु भएको एयरलाइन्सले जनाएको छ।

दक्षिणी राज्य परानाको क्यास्कावेलबाट साओ पाउलो सहरका लागि उडेको भोपास एयरलाइन्सद्वारा सञ्चालित एटीआर ७२-५०० विमान भिन्हेडो सहरमा दुर्घटनामा परेको हो।

लगभग ७६ हजार जनसंख्या रहेको भिन्हेडो सहर साओ पाउलोबाट लगभग ८० किलोमिटर उत्तरपश्चिममा अवस्थित छ। स्थानीय सञ्चारमाध्यमले प्रसारण गरेको तस्बिरमा उक्त जहाज आकाशमा चक्कर लगाउँदै खसेको र दुर्घटनास्थलबाट धुवाँको मुस्लो उडेको देखिन्छ।

साओ पाउलो राज्यका गभर्नर टारसिसियो डे फ्रिटासले घटनास्थलमा पत्रकारलाई भन्नुभयो, "पीडितको शव पहिचान प्रक्रिया सुरु भइसकेको छ र यो रातभरि जारी रहनेछ।"

ब्राजिलका राष्ट्रपति लुला दा सिल्भाले यस घटनाप्रति दुःख व्यक्त गर्दै राज्यमा तीन दिन शोकको घोषणा गर्नुभएको छ।

भोपासले पीडितका परिवारलाई पूर्णसहयोग गरिरहेको र दुर्घटनाको कारण पत्ता लगाउन अधिकारीसँग सहकार्य गरिरहेको बताएको छ।

ब्राजिलको सेनिपा उड्डयन दुर्घटना एजेन्सीले यस घटनाको अनुसन्धान सुरु गरेको छ।

# काभा बीच भलिबलको रजत पदक विजेता जोडी सम्मानित

ललितपुर । सैंबु भलिबल क्लबले काभा बीच भलिबल च्याम्पियनसिपको पुरुषतर्फको रजत पदक विजेता जोडीलाई शनिवार सम्मान गरेको छ।

भुटानको थिम्पुमा साउन १७ देखि १९ गते सम्म भएको च्याम्पियनसिपमा राष्ट्रिय टोलीका कप्तान समेत रहेका मानबहादुर श्रेष्ठ र दीलबहादुर सुनारको जोडीले दोस्रो स्थान प्राप्त गरेको थियो।

क्लबका अध्यक्ष धिरज कुँवरले मान र दीललाई सम्मानपत्र प्रदान गरे। कार्यक्रममा क्लबका उपाध्यक्ष एवं सैंबु ब्याडमिन्टन सर्कलका अध्यक्ष मिलन थापा , समाजसेवी हरिकुमार थापा, सर्कलका बरिष्ठ सदस्य गोपालराम पौडेलको उपस्थिति थियो।



मान सैंबु भलिबल क्लबका कार्यकारी सदस्य समेत हुन् । उनले सम्मानले भर्खरै खेल्न सुरु गरेका खेलाडीलाई समेत प्रोत्साहन मिल्ने बताए । मानले सैंबु भलिबल क्लबले राष्ट्रिय स्तरको प्रतियोगिता आयोजना गर्नुपर्नेमा जोड दिए।

# ‘आर्थिक विकास यो सरकारको पहिलो प्राथमिकता हो’



काठमाण्डु । उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले मुलुकको आर्थिक विकास वर्तमान सरकारको पहिलो प्राथमिकता भएको बताउनुभएको छ ।

बागमती प्रदेशका सामाजिक विकास मन्त्रीमा हरिप्रभा खड्गी (श्रेष्ठ) र आन्तरिक मामिला तथा कानुनमन्त्रीमा सुरजचन्द्र लामिछाने नियुक्त हुनुभएकामा उहाँहरूलाई सम्मान गर्न आज यहाँ आयोजित कार्यक्रममा उहाँले मुलुकको सामाजिक-आर्थिक विकासलाई केन्द्रमा राखेर वर्तमान सरकार क्रियाशील रहेको बताउनुभयो ।

राजनीतिकि स्थायित्वका लागि वर्तमान सरकार गठन भएको सुनाउँदै उहाँले जनताले अनुभूत गर्नेगरी विकासका गतिविधि सञ्चालन गर्ने तथा समृद्धिको मार्गमा मुलुकलाई उन्मुख गराउनु यो सरकारको लक्ष्य हो भन्नुभयो । राष्ट्र र जनताका पक्षमा इमानदार भएर कामगर्ने प्रतिबद्धता पनि मन्त्री सिंहले व्यक्त गर्नुभयो । रासस

# फूलबारी-बङ्गलाबन्धु नाका पूर्ववत् सञ्चालनमा

भद्रपुर । नेपाल, भारत र भुटानको त्रिदेशीय व्यापारीक नाका फूलबारी-बङ्गलाबन्धु नाका खुलेको छ ।

नाका खुलाभएसँग बङ्गलादेशसँगको आयात निर्यात सहज भएको छ ।

पूर्वी नाका काँकरभिट्टामा रोकिएका मोलासिसका कन्टेनर बङ्गलादेश तर्फ र बङ्गलादेशको नाकामा रोकिएका कन्टेनर नेपालतर्फ आएका नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड शाखा कार्यालय काकरभिट्टाका प्रमुख सुवास पाण्डेयले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “ बङ्गलादेशमा अन्तरिम सरकार गठन भएसँगै यही साउन २३ गतेदेखि बङ्गलादेशसँगको आयात निर्यातमा सहज हुन थालेको छ । ”

कार्यालयका अनुसार गत आव २०८०/८१ मा रु ४६ करोड ३१ लाख ८९ हजार सामग्री बङ्गलादेश निर्यात हुँदा रु तीन अर्व ८३ करोड ६८ लाख २२ हजार बराबरको सामग्री आयात भएको थियो ।रासस

# मल कारखाना स्थापनामा चीनले सघाउने, लगानी स्वीकृत हुनेबित्तिकै काम थालिने

काठमाण्डु । मल कारखाना स्थापनामा चीन सरकारले सघाउने भएको छ । आगामी एक वर्षभित्रमा कारखाना स्थापनासम्बन्धी सम्पूर्ण काम पूरा गर्न चीन सरकार तयार रहेको नेपालका लागि चीनका राजदूत छन् सङले बताउनुभएको छ ।

राससससहित मूलधारका सञ्चारमाध्यमकासम्पादकहरुसँगबिहीबार साँझ आफ्नो निवासमा आयोजना गर्नुभएको छलफलमा चिनियाँ राजदूतले लगानी बोर्डले कारखाना स्थापनासम्बन्धी प्रस्ताव स्वीकृत गर्नेबित्तिकै काम थालिने बताउनुभयो ।

“नेपालमा प्रचुर मात्रामा उपलब्ध बिजुली र पानीको भरपूर उपयोग गरेर मल कारखाना सञ्चालन गर्ने हाम्रो लक्ष्य छ । नेपालसँगको सम्बन्ध र यसको उन्नयन हाम्रो प्राथमिकता हो”, चीन सरकारले सधैँ नेपालको सामाजिक-आर्थिक विकासमा सहयोग गर्न चाहेको बताउँदै उहाँले भन्नुभयो ।

नेपाल-चीन अन्तर्देशीय प्रसारण लाइन निर्माणको सम्भाव्यता अध्ययन गर्न चिनियाँ प्राविधिकहरुको टोली हाल नेपालमा रहेको जानकारी दिँदै उहाँले पेट्रोलियम पदार्थको आयात घटाएर नेपालको वैदेशिक मुद्रा सञ्चितिमा योगदान गर्ने चिनियाँ चाहना राजदूत छन्ले व्यक्त गर्नुभयो ।

जलविद्युत्को विकासबाट नै ‘समृद्ध नेपाल, सुखी नेपाली’ राष्ट्रिय आकाङ्क्षा पूरा गर्न अन्तर्देशीय विद्युत् व्यापार फलदायी हुने उहाँले बताउनुभयो ।

अल्पविकसित राष्ट्रहरुको सूचीबाट स्तरोन्नति हुने नेपालको राष्ट्रिय लक्ष्यमा




सघाउन चीनले नेपाललाई सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै चिनियाँ राजदूतले हालै सम्पन्न चिनियाँ कम्युनिष्ट पार्टीको तेस्रो बैठकले नेपालसहित विश्वका अन्य मुलुकलाई रोजगारीका निम्ति आफ्नो श्रमबजार खुला गरेको जानकारी दिनुभयो ।

चीनमा उच्च शिक्षा हासिल गर्ने नेपाली विद्यार्थीलाई त्यहीँ अन्तरङ्ग प्रशिक्षणको व्यवस्थाका साथ रोजगारीका अवसर पनि उपलब्ध हुने उहाँले बताउनुभयो । सिपिसीको तेस्रो बैठकपछि चीनमा लगानीका अवसरहरू पहिल्याउन उच्चस्तरीय अमेरिकी प्रतिनिधिमण्डल चीन भ्रमणमा रहेको बताउनुभयो । राष्ट्रपति सी चीनफिङको अध्यक्षतामा सम्पन्न बैठकले तीनसयभन्दा बढी कानुनी सुधारका घोषणा गरेको जानकारी दिँदै राजदूत छन्ले चीनले नेपालको विकासका निम्ति द्विपक्षीय सहायता बढाउने बताउनुभयो ।

“हामी नेपालको आर्थिक वृद्धिमा योगदान गर्न चाहन्छौँ, पर्यटन प्रवर्द्धन तथा जलविद्युत्को उत्पादनबाट त्यो सम्भव छ”, नेपालमा उत्पादित बिजुली चिनियाँ बजारमा खपत गर्न सकिने उल्लेख गर्दै उहाँले भन्नुभयो ।

चीनले घोषणा गरेका सुधारबाट चीन र नेपालबीचको साझेदारी अझ घनिभूत हुने तथा चीनले हासिल गरेको विकासको प्रतिफल नेपालले पनि उपभोग गर्न पाउने विचार राजदूत छन्ले व्यक्त गर्नुभयो । देशको चौतर्फी विकासलाई नेपालका राजनीतिक दलका नेता तथा कर्मचारीले केन्द्रमा राखेर काम गर्न जरुरी भएको आफ्नो विश्लेषण सुनाउँदै अबको पाँच वर्षमा नेपालले विकासको गति लिनेमा आफू ढुक्क रहेको बताउनुभयो । परिश्रमी नेपाली जनताको विकासप्रतिको चाहाना पूरा गर्न नेपालको नेतृत्व सफल हुने उहाँले बताउनुभयो ।

चिनियाँ पर्यटकको प्रमुख गन्तव्य नेपालमा पर्यटनका पूर्वाधार अपर्याप्त भएकाले अधिकभन्दा अधिक पर्यटकीय संरचना निर्माणमा चिनियाँ राजदूतले जोड दिनुभयो । उहाँले प्रविधि हस्तान्तरणका साथै अन्य प्राविधि सहायता विस्तार गर्न चीन तयार रहेको बताउनुभयो । एक फरक प्रसङ्गमा उहाँले विकासका पूर्वाधार तयार गर्ने उद्देश्यले राष्ट्रपति सीले अघि सार्नुभएको ‘बेल्ट एण्ड रोड इनिसिएटिभ’ मा आबद्ध सबै राष्ट्रको हित हुने र त्यसप्रति विमति जनाउनुपर्ने कारण नरहेको बताउदै केही प्राविधिक काम पूरा नहुँदा नेपालसँग विआरआई कार्यान्वयनसम्बन्धी दस्तावेजमा हस्ताक्षर हुननसकेको स्पष्ट गर्नुभयो । उहाँले केही समयभित्रै नेपाल-चीनबीच विआरआई साझेदारीसम्बन्धी सम्झौतामा हस्ताक्षर हुने बताउनुभयो ।

बिआरआई सहकार्य, सहयोग तथा ‘ कनेक्टिभिटी’का लागि महत्वपूर्ण मञ्चका रुपमा स्थापित भएको तथा त्यसले अर्थतन्त्रहरुलाई एकीकृत गर्न, बजार हरुलाई जोड्न तथा पूर्वाधारहरुमा लगानी प्रोत्साहन गर्ने एवं विश्वव्यापी रुपमा स्रोत साधनको अभाव रहेको परिप्रेक्ष्यमा दिगो विकासका लक्ष्यहरु कार्यान्वयन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने उहाँको तर्क छ । ‘ट्रान्स हिमालयन मल्टि-डाइमेन्शनल कनेक्टिभिटी नेटवर्क’ अन्तर्गत सीमा वारपार रेल, सडकहरु, बन्दरगाहहरु, हवाई यातायात, सूचना प्रविधिलगायत बिआरआईले समेटेका क्षेत्र नेपालमात्र होइन सबैका निम्ति लाभदायक रहेका उहाँको कथन छ ।

“हामीले चीन-नेपाल सम्बन्धको विकासलाई महत्व दिएका छौँ, हामी दुई देशका जनताको हितका लागि अनन्तकालसम्म रहिरहने मैत्री सम्बन्धसहितको चीन-नेपाल विस्तृत सहयोगात्मक साझेदारीलाई अझ सुदृढ बनाउन तत्पर छौँ”, चिनियाँ राजदूतले भन्नुभयो । रासस

# मुक्तिनाथको झल्को दिने तनहुँको च्यवनधाम धार्मिक पर्यटनको केन्द्र बन्दै

दमौली। शुक्लागण्डकी नगरपालिका-२ गाछेपानीस्थित मुक्तिनाथ च्यवनधाम ‘मिनी मुक्तिनाथ’ को रुपमा विकास हुन थालेको छ । मुक्तिनाथको झल्को दिने गरी यहाँ पूर्वाधार निर्माण गरेपछि च्यवनधाम धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास हुन थालेको हो ।

च्यवनधाम परिसरमा निर्माण गरिएका शुक्लेश्वर महादेवको मन्दिर, आसपासमा सूर्य नारायण, लक्ष्मी नारायण, दुर्गा भवानी र गणेशको मन्दिरले यहाँ आउने भक्तजनलाई आकर्षित गर्ने गरेको च्यवनधामका अध्यक्ष होमनाथ लम्सालले जानकारी दिनुभयो । साथै मुक्तिनाथको झल्को दिने एक सय आठ धारा, एक सय हाठ ओमकार कल्पवृक्ष, एक सय आठ शिवलिङ्ग, मोक्षकुण्ड, वृद्धाश्रम, पार्कलगायत संरचना निर्माण गरिएको छ ।

बौद्ध धर्मावलम्बीलाई लक्षित गरी बौद्ध गुम्बा पनि यहाँ निर्माण गरिएको लम्सालले बताउनुभयो । बौद्ध धर्मावलम्बी आगमन बढाउने, धार्मिक सहिष्णुता कायम गराउने उद्देश्यले गुम्बा बनाइएको भन्दै गुम्बाले एकअर्काको धर्मलाई सम्मान गर्नुपर्छ भन्ने सन्देश प्रवाह गरेको उहाँले उल्लेख गर्नुभयो ।

च्यवनधामका अध्यक्ष लम्सालले भन्नुभयो, “यस ठाउँलाई धार्मिक पर्यटकीय गन्तव्यस्थल बनाउने उद्देश्यसहित स्थानीयवासी लागिपरेका छन् । यसलाई धेरैले मिनी मुक्तिनाथको रुपमा चित्रण गर्ने गरेका छन् ।” यहाँ नयाँ वर्ष, साउने सोमबार, कृष्ण जन्माअष्टमी, बालाचतुदर्शी र शिवरात्रीमा भक्तजनको घुइँचो लाग्ने गर्दछ ।

प्रत्येक वर्षको साउनमा यहाँ शिवपुराण लगाउने गरिन्छ । च्यवनधाममा रहेको शुक्लेश्वर महादेवको मन्दिरमा पूजाअर्चना गरेपछि सन्तान नभएकालाई सन्तान प्राप्ति हुने जनविश्वास रहेको छ ।

च्यवनधामका उपाध्यक्ष अस्मिता खनालले यस ठाउँ साझा धार्मिक आस्थाको केन्द्रका रुपमा परिचित रहेको बताउनुभयो । उहाँले भन्नुभयो, “सुन्दर धार्मिक सांस्कृतिक संरचना, पर्यटकीय आकर्षकका विम्बहरु, ज्येष्ठ नागरिक आश्रम, बेसहारा छाडिएको गाईहरुको संरक्षण गर्न स्थापित गौं संरक्षण केन्द्रको व्यवस्थापकीय जिम्मेवारी यसै धामले ग्रहण गरिरहेको छ ।”

शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले मिनी मुक्तिनाथको रुपमा विकास भइरहेको यस ठाउँमा पूर्वाधार विस्तार गरी पर्यटन प्रवर्द्धन गर्न नगरपालिकाले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले भन्नुभयो, “यस



ठाउँलाई धार्मिक पर्यटकीयस्थल बनाउनुपर्छ भनेर स्थानीय जागरुक बन्नुभएको छ, आज यसले एउटा स्वरुप पाएको छ । यसको प्रवर्द्धनका लागि नगरपालिका सहकार्य गर्न सदैव तयार छ ।”

पूर्वमन्त्री आशा कोइरालाले विगतमा एक्लै मान्छे हिँड्न डराउने यस ठाउँ आज धार्मिक गन्तव्यस्थल बन्न सकेकाले यसको सम्पूर्ण श्रेय स्थानीयवासीलाई जाने उल्लेख गर्नुभयो ।

च्यवनधाम र गौं संरक्षण केन्द्रको एकीकृत विकास एवं प्रवर्द्धनका लागि गत सोमबारदेखि धार्मिक महोत्सव आयोजना गरिएको छ । यही साउन २८ गतेसम्म सञ्चालन हुने सप्ताहव्यापी धार्मिक महोत्सवमा पण्डित बालकृष्ण अर्यालले कथावाचन गरिरहनुभएको छ ।

**शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले मिनी मुक्तिनाथको रुपमा विकास भइरहेको यस ठाउँमा पूर्वाधार विस्तार गरी पर्यटन प्रवर्द्धन गर्न नगरपालिकाले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।**

### यसरी फेरियो स्वरुप

पृथ्वी राजमार्ग नजिकै छ सेती नदीको किनार । जताततै ढुङ्गैढुङ्गा । दिउँसो पनि एक्लै हिँड्न डराउनुपर्ने अवस्था थियो । नदीको तिरसम्म पुग्नलाई साँघुरो गोरेटो थियो, मुस्किलले आउजाउ गर्न सकिने । उराठलाग्दो देखिने गाछेपानीस्थित सेती नदी ढुङ्गाले भरिएका किनारको स्वरुप एक दशकमा फेरिएको छ । दिउँसै डरलाग्दो नदी छेउको थुम्को पवित्रधाम बनेसँगै सुन्दर मन्रि निर्माण गरिएको छ ।

शुक्लागण्डकी-२ गाछेपानीका स्थानीयले एक दशकमा च्यवनधामलाई परिवर्तन गरी सुन्दर, रमणीय धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास गरेका छन् । एक्लै हिँड्न पनि डरलाग्ने साघुँरो ठाउँ फेरिएर यति सुन्दर र फराकिलो पर्यटकीय गन्तव्य बन्ला भन्ने गाछेपानीवासीले सोचेका पनि थिएनन् । अहिले यही किनारको स्वरूप फेरिएको छ ।

गाछेपानीवासीको एकताले यस ठाउँलाई तनहुँकै चर्चित धार्मिकस्थल बनाउन सफल भएको हो । नदी छेउको थुम्को मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम (मिनी मुक्तिनाथ) को नामले चिनिएको छ । यो ठाउँ भगवान् शिवजीप्रति आस्थावान् हुने भक्तजनको आकर्षणको केन्द्र बन्दै गएको च्यवनधामका अध्यक्ष लम्सालले बताउनुभयो । उहाँकमा अनुसार हिन्दू धर्मको मात्र नभई च्यवनधाम बौद्ध धर्मावलम्वीको पनि आस्थाको थलो हो ।

विसं २०६५ मा नदी किनारमा रहेको यो जग्गा पहुँचवालाले कब्जामा लिन खोजेपछि यस स्थान परिवर्तन भएको च्यवनधामका अध्यक्ष लम्सालले बताउनुभयो । “यहाँको २३ रोपनी जग्गा हडप्न खोजिएको थियो । गण्डकीको तिरसम्म पुग्ने बाटो पनि नहुने भएपछि संरक्षणमा हामी लाग्यौँ”, उहाँले भन्नुभयो, “जग्गा संरक्षण गर्न भुलभुले बाराही एकता समाजले वृक्षारोपण गऱ्यो । यहीको पुनमगर समाजले तारबार लगायो । पुन मगर समाजले तारबारमा साथ दिनुको कारण उनीहरुको अन्तिम घर अर्थात् चिहान त्यही आडैमा थियो ।” जग्गा संरक्षणको दुई वर्षपछि विसं २०६७ मा काठमाडौं बस्दै आउनुभएका ऋषिगुरु श्रीराम पौडेलसँग स्थानीयको सम्पर्क भएपछि उहाँले सेतीको किनारमा तपोभूमि भएको सुनाउनुभएको थियो । उहाँले शुक्लागण्डकी क्षेत्र च्यवन ऋषिको तपोभूमिका रुपमा रहेको पनि सुनाउनुभएपछि स्थानीयको पहलमा पूर्वाधार निमार्ण थालिएको अध्यक्ष लम्सालले जानकारी दिनुभयो ।

विसं २०६७ कात्तिकमा मन्दिरसहितका पूर्वाधार निर्माण गर्न लालप्रसाद गर्तौलाको अध्यक्षतामा १३ सदस्यीय समिति गठन गरिएको थियो । माघमा यो क्षेत्रलाई श्री मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम नामकरण गरिएको अध्यक्ष लम्सालले उल्लेख गर्नुभयो । समितिले यहाँ मन्दिरसहित पूर्वाधार निर्माण गर्न आर्थिक सङ्कलन गर्ने उद्देश्यले सोही वर्षको चैत १० गतेदेखि १७ गतेसम्म सञ्चालन गरेको महायज्ञमा रु एक करोड ५० लाख रकम सङ्कलन भएको थियो । त्यसपछि मन्दिरमा पूर्वाधार निर्माणको क्रम सुरु भएको थियो ।

महायज्ञ लगाएको छ महिनापछि मन्दिर शिलान्यास गरिएपछि पूर्वाधार निर्माणको चरण सुरु भएको थियो । मन्दिर क्षेत्रमा एक दशकको अवधिमा रु तीन करोडभन्दा बढी पूर्वाधार निर्माणमा लगानी भइसकेको अध्यक्ष लम्सालले जानकारी दिनुभयो ।

गण्डकी प्रदेश सरकारको लगानीमा रु २५ लाख खर्च गरी यहाँ रहेको एक सय आठ धाराको माथिपट्टी कृत्रिम हिमाल निर्माण गरिएको छ । कृत्रिम हिमाल बनाएपछि मन्दिरमा आन्तरिक पर्यटकको स२्या बढ्न थालेको उहाँले उल्लेख गर्नुभयो ।

यही बाटो भएर तनहुँको प्रसिद्ध धार्मिकस्थल ढोरबाराही मन्दिर पुगिन्छ । ढोरबाराही जाने धार्मिक पर्यटक पनि च्यवनधाममा आउने गरेका छन् । मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम मिलेनियम ट्रेकको सुरुवाती विन्दु हो ।रासस

# गोसाइकुण्डमा तीर्थयात्रीको आगमन सुरु

रसुवा । गोसाइकुण्डमा स्नान गर्ने भक्तजनको आगमन सुरु भएको छ। हरेक वर्ष नागपञ्चमीदेखि उक्त कुण्डमा स्नान गर्न भक्तजन यहाँ आउने गरेका छन् ।

यस वर्ष स्नान मेला भर्न १५ हजार भक्तजन गोसाइकुण्डमा पुग्ने अनुमान गरिएको गोसाइकुण्ड क्षेत्र विकास समितिका अध्यक्ष सञ्जिव डिएमले बताउनुभयो । जनैपूर्णिमाको दिन भक्तजनको घुइँचोलाई मध्येनजर राख्दै सो दिनका लागि सुरक्षा व्यवस्था, उपचार, खानेपनीलगायत विविध सेवाको व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो ।

यात्राका लागि आवश्यक सेवा दिने उद्देश्यले १३ वटा उपसमिति गठन गरिएको जानकारी दिँदै प्रमुख जिल्ला अधिकारी वेदनिधि खनालले पर्याप्त सुरक्षा व्यवस्था मिलाइसकिएकाले निर्धक्क भएर यात्रा गर्न आग्रह गर्नुभयो । यात्राका क्रममा कुनै समस्या आए सुरक्षाकर्मी वा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, गोसाइकुण्ड क्षेत्र विकास समितिलगायत निकायमा जानकारी गराई सहयोग लिन उहाँले सबैमा अनुरोध गर्नुभयो ।

गोसाइकुण्ड जाँदा लौरीविनायकमाथि श्वासप्रश्वासमा मनोकाङ्क्षा भगवान्ले पूरा गर्ने धार्मिक मान्यता रहिआएको उहाँले उल्लेख गर्नुभयो ।

काठमाडौंबाट सवारीसाधनमा धुञ्चे पुगेपछिपैदल यात्रा सुरू हुन्छ । बाटोमा ठाउँठाउँमा थर्कु तथा होटल सञ्चालनमा रहेकाले खान र बस्न कुनै समस्या नपर्ने होटल व्यवसायी सङ्घका अध्यक्ष निसान गजुरेलले बताउनुभयो । हिमाली क्षेत्रको वातावरण शरीरमा मिलाई हिड्नका लागि काठमाडौंबाट आएको एक रात धुञ्चेमा बसेर भोलिपल्ट उकालो लाग्दा सहज हुने उहाँको सुझाव छ ।

फोहर तोकिएको स्थानमा



रसुवाको प्रवेशद्वार बेत्रावतिबाट गोसाइकुण्डसम्म सबै यात्रुलाई जिल्लास्तरको सेवा प्रदान गरिने अध्यक्ष डिएमले बताउनुभयो । गोसाइकुण्डको तीर्थका २० जनाको समूह आज निलाद्री पर्वततर्फ प्रस्थान गरेको भन्दै उक्त समूहले सुलाद्री आरोहण गरिरहेको जानकारी प्राप्त भएको उहाँले जनाउनुभयो ।

भगवान् शङ्करले बास लिनुभएको पवित्र कुण्डस्थलका रुपमा गोसाइकुण्ड रहेको छ । समुद्री सतहबाट १४ हजार एक सय फिटको उचाइमा जाँदा लेक लाग्ने समस्या हुने भएकाले उक्त समस्या समाधान गर्न चोलाङपाटी, लौरीविनायक र गोसाइकुण्डमा स्वास्थ्य शिविर राख्ने तयारी गरिएको समितिका अध्यक्ष डिएमले उल्लेख गर्नुभयो ।

गोसाइकुण्डका यात्री सहज बढी सास्या देखिने भएकाले चोलाङपाटीमा रहने स्वास्थ्य शिविरमा आवश्यक परामर्श लिन अनुरोध गरिएको चिकित्सकले बताएका छन् । गुल्कोजपानी प्रशस्त खाने, खालीपेट नराख्ने, अदुवा, कागती, पाचकलगायत वस्तुको सेवन गर्दै जाँदा सहज हुने जेष्ठ नागरिकको अनुभव छ ।

घरबाट कुण्ड निस्कनुपूर्व कूल देवतासँग बिदा माग्ने, बेत्रावति पुगेर उत्तरगया धाममा केस मुण्डन र स्नान गर्ने, गङ्गा पुजन गरेर साथीसँग ॐ नमो शिवाय जप्दै उकालो लाग्ने, सुलाद्री पर्वत चढ्दा लौरी टेक्ने, लौरिविनायक पुगेर चढाउने मान्यता रहेको स्थानीय पुरोहित टङ्कप्रसाद ढकालले बताउनुभयो । कुण्डमा पुगेर बढीमा तीन र कम्तीमा एक पटक स्नान गरी, निलकण्ठ दहमा पुजाआजा गरेपछि आफ्नो मात्र फ्याक्न, लठ्ठीको नाममा रूख बिरुवा नकाट्न, पैदल मार्गमा भेटिने जनावरलाई संरक्षण गर्न लाङटाङ राष्ट्रिय निकुञ्जले सम्पुर्ण यात्रीमा अनुरोध गरेको छ । यात्रीले प्रयोग गरेका निजी सवारीसाधन सुरक्षाका लागि गोसाइकुण्ड गाउँपालिका-६ को कार्यालय धुञ्चेले सःशुल्क पार्किङको व्यवस्था गरिसकेको प्रमुख जिल्ला अधिकारी खनालले जानकारी दिनुभयो ।

गोसाइकुण्ड जाने पैदल मार्ग स्वच्छ पार्न सरसफाइ कार्यक्रम सुरू भएको छ । पहिलो चरणअन्तर्गत जिल्ला प्रशासन कार्यालयको पहलमा धुञ्चेबाट मिनी गोसाइकुण्डसम्म सरसफाइ सम्पन्न गरिएको बताउँदै प्रजिअ खनालले क्रमशः सरसफाइलाई निरन्तरता दिने जनाउनुभयो । रासस

# मापदण्ड विपरीत सञ्चालित दुई डेरी उद्योग कारबाही




**टुडे समाचारदाता**

जनकपुरधाम । दुग्धजन्य पदार्थ उत्पादन नगर्ने दुई डेरी उद्योगमाथि खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरले कारबाही गर्ने भएको छ।

मापदण्ड विपरीत सञ्चालित जनकपुरधाम-१४ स्थित जानकी डेरी उद्योग र छिरेश्वरनाथ नगरपालिका-५ स्थित विशाल डेरी उद्योगमाथि धनुषा जिल्ला अदालतमा मुद्दा दायर गरी कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको छ।

सो कार्यालयले अनुगमनका क्रममा दुवै उद्योगबाट उत्पादित सामग्रीको नमुना संकलन गरी जाँच गर्दा कैफियत पाएपछि कारबाही गरिएको कार्यालयका सूचना अधिकारी प्रवीण तिवारीले जानकारी दिए । उनले भने, "माँ जानकी डेरी उद्योगबाट उत्पादित खुवा, घ्यू तथा प्रशोधित दूधको नमुना सङ्कलन गर्दा मापदण्डअनुसार नभएको पाइएको छ। विशाल डेरी उद्योगको पूजामा प्रयोग गरिने घ्यूको जाँच गर्दा कैफियत पाइएको हो ।" बजारमा विशाल डेरीबाट उत्पादित घ्यू नष्ट गरिएको छ।

सो कार्यालयले गत आर्थिक वर्षमा धनुषाका ४६ वटा औद्योगिक तथा व्यावसायिक फार्मबाट उत्पादित सामग्रीको अनुगमन, छड्के निगरानी गरी मिसावट भएका, गुणस्तरहीन तथा म्याद नाघेका वस्तु नष्ट गरेको थियो। संकलित नमुनामध्ये प्रयोगशालामा जाँच गर्दा दुई डेरी उद्योग मापदण्ड विपरीत सञ्चालन भएको पाइएको कार्यालयका सूचना अधिकारी तिवारीले जानकारी दिए।

सो कार्यालयबाट जनकपुरधामसहित धनुषाको विभिन्न बजार तथा चोकमा अनुगमन भएको थियो । व्यावसायिक होटल, रेष्टुरेण्ट, मासु पसल, किराना पसल, मिष्ठान भण्डार, बोर्डिङ स्कुलका क्यान्टिन, अस्पतालका क्यान्टिनको अनुगमन गरिएको थियो । अनुगमनका क्रममा ती व्यावसायिक फार्मबाट दुई लाख मूल्य बराबरको अखाद्य वस्तु नष्ट गरिएको तिवारीले बताए।

गत आर्थिक वर्षमा मधेश प्रदेशको आठ जिल्लाबाट तीन हजार पाँच सय ८७ खाद्य पदार्थको नमुना जाँच गर्दा ७४ वटा नमुना प्रतिकुल पाइएको थियो। ती मध्ये ३१ मुद्दा दायर, १६ को बयान सकिएको र अन्यको बयान लिन बाँकी रहेको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरले जनाएको छ।

# पर्सा निकुञ्जद्वारा ५४ लाख क्षतिपूर्ति वितरण

**पर्सा राष्ट्रिय निकुञ्ज आधाभार कार्यालयले गत आर्थिक वर्षमा वन्यजन्तुबाट भएको क्षतिको मात्रै ५४ लाख ४ हजार ९ सय २३ रुपैयाँ क्षतिपूर्ति वितरण गरेको जनाएको छ ।**

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा राष्ट्रिय निकुञ्ज आधाभार कार्यालयले गत आर्थिक वर्षमा वन्यजन्तुबाट भएको क्षतिको मात्रै ५४ लाख ४ हजार ९ सय २३ रुपैयाँ क्षतिपूर्ति वितरण गरेको जनाएको छ।

सो कार्यालयका सूचना अधिकृत सन्तोष कुमार भगतले जनाए अनुसार बाघले मारेका २ मानिसको क्षतिपूर्ति वापत २० लाख रुपैयाँ, सामान्य घाइतेलाई २ लाख ३ हजार ९ सय २३ रुपैयाँ र सख्त घाइतेलाई ४ लाख रुपैयाँ क्षतिपूर्ति वितरण गरिएको छ।

त्यस्तै पशुधनको क्षति बापत १० लाख ५ हजार ५ सय रुपैयाँ, भण्डारण गरेको अन्नको क्षति बापत ४० हजार रुपैयाँ, घरगोठको क्षति बापत ४ लाख ३८ हजार रुपैयाँ र अन्न बालीको क्षति बापत १३ लाख १७ हजार ५ सय रुपैयाँ क्षतिपूर्ति वितरण गरिएको भगतले बताए।

वन्यजन्तुबाट मानिसलाई मात्र नभई मानिसबाट वन्यजन्तुलाई पनि क्षति पुर्याउने घटना पनि बढ्दो छन् । २०८० फागुन १६ गते पर्साको मनवा सव डिभिजन कार्यालय एउटा पाटे बाघ मृत फेला परेको थियो।

सो बाघलाई बिष खुवाएर मारिएको शंका थियो। २०८० फागुन २२ गते निजगढ नगरपालिका वडा नं ४ मा अर्को पाटे बाघ मृत फेला पर्यो । सो बाघलाई पनि बिष खाएर मरेको अनुमान गरिएको थियो।




त्यस्तै २०८१ वैशाख ३० गते पर्सा सखुवाप्रसौनी गाउँपालिका वडा नं १ अर्को पाटे बाघलाई स्थानीयले लखेटी पिटेर मारे। उक्त बाघले केही स्थानीय तथा चौपायालाई आक्रमण गरी घाइते बनाएको थियो।

गत आर्थिक वर्षमै चितवन र पर्सा राष्ट्रिय निकुन्जको बिभिन्न मध्यवर्ती क्षेत्रबाट उद्धार गरी पर्सा राष्ट्रिय निकुन्जको आधाभारस्थित कार्यालयमा खोरमा राखिएका ३ वटा बाघ खोरमै मरे । ती बाघ मानव बस्ती पसेर मानव तथा चौपाया उपर आक्रमण गर्न थालेपछि डार्ट गरी मानवबस्ती नजिकको वन क्षेत्रहरुबाट निकुन्ज कार्यालयमा ल्याएर खोरमा राखिएका थिए।

सो मानव र वन्यजन्तु बीच बढेको द्वन्दका ज्वलन्त उदाहरण हुन् । पछिल्लो केही वर्ष यता बाघ मानव बस्ती पस्ने क्रम बढेकाले द्वन्द्व झनै बढेको यी घटनाक्रमले देखाएको छ । पर्सा राष्ट्रिय निकुन्जमा मात्रै हाल बयस्क बाघको संख्या ४१ पुगी सकेको छ । संरक्षणको क्षेत्रमा गरिएको पछिल्लो प्रयासको कारण वर्षेनी बाघको संख्या बढ्दै गएको छ । १२ वर्ष अघि सम्म पनि निकुन्जमा ३ वटा मात्र बाघ थियो । २ वर्ष अघिको बाघ गणनाको नतिजा अनुसार निकुन्जमा ४१ वयस्क बाघ रहेको जनाएको छ।

बाघको संख्या बढेसंगै तिनको बासस्थानको समस्या हुने र त्यस पछि नया बासस्थानसंगै आहाराको खोजीमा पनि बाघ जंगल नजिकको मानव बस्तीमा प्रवेश गर्ने सम्भावना प्रबल हुने गरेको भगत बताउँछन् ।

निकुञ्जमा पछिल्लो केही वर्ष यता अन्य वन्यजन्तुको संख्या पनि वृद्धि भएकाले हात्ती, बँदेल, घोडगधा, चित्तल आदि वन्यजन्तुले मध्यवर्ती क्षेत्रका मानव बस्तीहरुमा क्षति पुर्याउने क्रममा वृद्धि भएको छ।

आफ्नो प्राकृतिक बासस्थानमै वन्यजन्तु रहने गरे पनि मानिसले वनजंगलको नजिक बासस्थान बनाउने क्रम बढेकाले पनि यसरी वन्यजन्तु र मानवद्वन्द बढेको हुन सक्ने निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत रामचन्द्र खतिवडा बताए।

# मधेशका २३ पालिकाले गाउँसभा गरेनन्

**टुडे समाचारदाता**

जनप्रतिनिधहरु बीचको आपसी टकरावले देशभरका २३ गाउँपालिकाको गाउँसभा हुन सकेको छैन । समयमा गाउँसभा नहुँदा ती गाउँपालिकाको सेवा प्रभावित भएको छ। गाउँपालिका अध्यक्षको एकलौटी, सेवा सुविधामा असन्तुष्टि, बजेटमा भागबण्डा नमिल्ने, वडाध्यक्षहरुको असहमति तथा दक्ष कर्मचारीको अभावका कारण ती गाउँपालिकाहरुले नियमित गाउँसभा गर्न सकेका छैनन्।




यसरी गाउँपालिका अध्यक्ष-उपाध्यक्षबीच बिवाद, व्यक्तिगत स्वार्थ, दक्ष कर्मचारी अभाव लगायत कारणले गाउँसभा गर्न नसक्ने गाउँपालिकाको संख्या देशभर २३ वटा छ । तीमध्ये मधेशमा मात्रै १९ गाउँपालिकाले गाउँसभा गर्न सकेका छैनन् ।

गाउँपालिका राष्ट्रिय महासंघ नेपालका अध्यक्ष लक्ष्मी पाण्डेका अनुसार ४६० गाउँपालिकामध्ये २३ गाउँपालिकाले गाउँसभा गर्न सकेका छैनन् । तीमध्ये मधेशका मात्रै १९ गाउँपालिका छन् ।

मधेश प्रदेशका पर्सामा ४, बारामा १, सर्लाहीमा २ , महोतरीमा २, धनुषामा ५, सिरहामा ३ र सप्तरीको २ गाउँपालिकाले गाउँसभा गरेका छैनन्। यहाँ १३६ स्थानीय तहमध्ये ५९ गाउँपालिका छन । जनप्रतिनिधिहरुमा असमझदारी र कर्मचारीले समन्वय गर्न नसक्दा धेरै गाउँपालिकामा गाउँसभा हुन नसकेको पाण्डेले बताइन् ।

'मधेशका गाउँपालिका निमित्त प्रमुखको भरमा चलेको छन्,' अध्यक्ष पाण्डेले भनिन्, 'गाउँसभा गर्न नसकेको कारण बुझ्न पालिकाहरु घुम्यौँ। प्रशासन नबुझ्ने आयुर्वेदका कर्मचारीलाई गाउँपालिकाको जिम्मा लगाइएको छ । कतै बोल्नै नसक्ने वडा सचिवलाई अधिकृतको जिम्मा दिइएको छ । समान्य समस्या र बिवादमा पनि समन्वय नहुँदा गाउँपालिका अलपत्र भएको पाइएको छ।'

गाउँपालिकामा निमित प्रमुख र लेखाका कर्मचारीले आफ्नो स्वार्थ नमिल्दा जनप्रतिनिधिहरुमा विवाद गराउँदै आएको समते पाइएको उनले बताइन् । गाउँपालिका राष्ट्रिय महासंघ नेपालका अध्यक्ष पाण्डे गाउँसभा हुन नसकेको गाउँपालिकामा समन्वय गरिदिन मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहलाई आग्रह गरेकी छन्।

शनिबार मुख्यमन्त्री सिंहलाई भेटर गाउँ सभा हुन नसकेका स्थानीय तहमा पहल गरिदिन आग्रह गरेका हुन्। प्रदेश समन्वय समितिको बैठकलाई नियमित गरी स्थानीय तहमा रहेको विकृत र समस्यालाई समाधान गर्न समेत पाण्डले मुख्यमन्त्रीलाई आग्रह गरिन्।

# बाबाधाम गएका रामविलास सम्पर्कविहीन, परिवार विच्चली

**टुडे समाचारदाता**



राजविराज । भारतको बाबाधाम (देवघर) जल चढाउन गएका सप्तरीको राजगढ गाउँपालिका- ३ स्थित पुर्वारी टोलका ५२ वर्षीय रामविलास यादव सम्पर्कविहीन भएका छन्।

अभिभावक नै सम्पर्कविहीन भएपछि उनको परिवारमा विच्चली भएका छन् । गाउँका अन्य भक्तजनसंग मोटरसाइकलमा भारत झारखण्ड राज्यको देवघर (बाबाधाम) मा जल चढाउन गत आइतबार रामविलास प्रस्थान गरेका थिए। भोलि पल्ट सोमबार साथीहरुसंगै बाबाधाममा चल चढाएर घर फर्किने तयारी गर्दै गर्दा उनी सम्पर्कविहीन भएको सँगै गएका साथीहरुको भनाइ छ।

फर्किनु अगाडि पण्डा (पुजारी) सित विदा हुन साथीहरु गएका भए पनि घर फर्किन हतारिएका रामविलास भने आफु बस चढेर भए पनि घर फर्कि हाल्ने बताए पनि संगै आएका कारण मोटरसाइकलमै फर्किने साथीहरुले उनलाई सल्लाह दिएका थिए। सोही सल्लाह अनुसार उनको झोला र मोबाइल समेत साथीहरुसंगै रहेको थियो। पण्डासित विदा भएर लाँज फर्किदा रामविलास नभेटिदा एक दिन रोकेर भए पनि साथीहरुले भारतीय प्रहरीलाई खोजबिन गरिदिन आग्रह गरेका थिए।

भारतीय प्रहरी तथा देवघर मन्दिर समितिलाई पनि उनको फोटो र हुलिया दिएर खोजतलाशका लागि आग्रह गरे पनि अहिलेसम्म कुनै खबर नआएको संगै गएका साथी शिवन यादवले बताए । रामविलास बेपता भएपछि अहिले उनको परिवारजनमा रुवावासी चलेको छ । छोरा विवेकले बुवाको खोजीका लागि पहल गरिदिन आग्रह गरेका छन्।

# ३३ केभीए प्रसारण लाइन विस्तारका लागि सुरक्षाकर्मी परिचालन

**टुडे समाचारदाता**

गौशाला । महोत्तरीको गौशाला नगरपालिका-१ स्थित रामनगरमा ३३ केभीए प्रसारण लाइन विस्तारमा सुरक्षाकर्मी परिचालन गरिएको छ। स्थानीयले अवरोधका वावजुद ३३ केभीए लाइन प्रसारण विस्तार गरिएको छ। सो वस्तीमा असर गर्ने भन्दै स्थानीयले विरोध गरेका छन्।



जिल्लाको बर्दिवास-४ स्थित गौशाला चोकबाट सुर्ती विकास हुँदै तत्काल नेपाल पल्प एण्ड पेपर इन्ड्रस्ट्रिज प्रालिसम्म विस्तार कार्य अघि बढेपछि स्थानीयको अवरोध सुरु भएको छ।

स्थानीयको विरोध र अवरोधपछि स्थितिलाई शान्त बनाउन शनिबार ठूलो संख्यामा प्रहरी परिचालन गरिएको छ । स्थानीयले काम अघि बढाउन नदिएपछि गौशाला नगरपालिकाका प्रमुख दीपेन्द्र महतोको निर्देशनमा शनिबार विद्युत विस्तारको काम स्थगित भएको विद्युत् कार्यालय बर्दिबासले जानकारी दिएको छ।

१३ किलोमिटर क्षेत्रमा विस्तार गरिने लाइनमा ११ किलोमिटर विस्तार सकिएपछि रामनगर क्षेत्रमा काममा अवरोध भएको छ । स्थानीय र सर्वदलीय बैठक डाकेर पटक-पटक छलफलपछि काम अघि बढाएको विद्युत कार्यालयले जनाएको छ।

नयाँ बनेको कागज कारखानाका लागि मात्रै नभई गौशालामा सवस्टेसन बनाउने गरी लाइन विस्तार गर्न लागिएको विद्युत् कार्यालयको भनाइ छ। १०५ फिटको सडक छेउबाट लाइन विस्तार गर्न लागिएकाले त्यसले बस्तीमा कुनै असर नपर्ने विद्युत् कार्यालयले जनाएको छ।

सो घटनास्थलमा सुरक्षाकर्मी पुगेसँगै अहिले गौशालाको अवस्था सामान्य रहेको इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक सूर्यबहादुर राना मगरले बताए।

# नि:सन्तान दम्पतीका लागि शिविर



**टुडे समाचारदाता**

जनकपुरधाम । नैना होस्पिटलले नि:सन्तान दम्पतीका लागि एक दिने शिविर आयोजन गरेको छ।

जनकपुरधाममा शनिबार पत्रकार सम्मेलन आयोजना गर्दै नैना होस्पिलका संचालक डा. बृजमोहन रजकले नि:सन्तान दम्पतीका लागि एक दिने नि:शुल्क शिविर संचालन गरिएको जानकारी दिए। सो शिविरमा एक सयभन्दा बढी दम्पतीले स्वास्थ्य चेकजाँच गरी सेवा लिएको उनले बताए।

अधिकांश चेकजाँच गराउन आउने दम्पतीलाई नि:सन्तानको शंका लागेको र स्थानीयस्तरमा एक सयजनामा एकाधमा सो समस्या रहने गरेको पाइएको उनले बताए।

उनले अधिकांश नि:सन्तान रहेको भनि शंका लागेको दम्पतीलाई काउन्सिलिंग गरी जनचेतना जागृत गरएको बताउँदै संचालक डा. रजकले प्राय:मा धार्मिक अन्धविश्वासका कारण स्वास्थ्य उपचारको साटो धामिझाक्री र बाबा कहाँ गएर सन्तानका लागि हारगुहार गर्ने मनोवृत्ति देखिएकोले स्थानीयस्तरमा बाँझोपनाको समस्या देखिएको बताए।

उनले भने, 'नि:सन्तान हुनुका मुख्यकारण वैदेशिक रोजगारमा गएकाहरुको भूगोल, वातावरण र मानसिक यातना, बेरोजगारीपना, श्रीमान र श्रीमती बीचको दुरी एवं तनावका कारण यस्तो समस्या उत्पन्न हुने गरेको छ।'

सो पत्रकार सम्मेलनमा डा. आदित्य प्रताप सिंहलगातयका समेतले सो शिविरमा चेकजाँच गरेका थिए।

# गण्डक नहर: सिञ्चित क्षेत्रमा शत प्रतिशत रोपाइँ

**टुडे समाचारदाता**

वीरगञ्ज । भारतले गण्डक नहरको पानी दिएपछि शत प्रतिशत रोपाइँ भएको छ।

भारतले गण्डक नहरको पानी र पर्साको तिलाबे व्यारेजबाट समेत थप गण्डक नहर हुँदै ८ सय ५० क्युसेक पानी प्रवाह हुन थालेपछि शतप्रतिशत रोपाइँ सम्पन्न भएको छ।



यस वर्ष सिजनमै पर्याप्त पानी भएपछि नहरले सिँचाइ हुने पर्सा, बारा र रौतहटका किसानले शत प्रतिशत रोपाइँ सम्पन्न भएको छ।

नारायणी सिँचाइ व्यवस्थापन कार्यालय वीरगञ्जका सूचना अधिकृतसमेत रहेका इन्जिनियर सुरेश कुमार साहले हाल भारतीय पक्षले नहरमा ६ सय ५० क्युसेक पानी दिएको र कार्यालय मातहत पर्सा जिल्लामा रहेको तिलाबे व्यारेजबाट नहरमा थप २ सय क्युसेक पानी प्रवाह भएको छ।

उनले भने, 'नहर अहिले पूर्ण क्षमतामा चलेको छ, यस वर्ष कुनै बाधा व्यवधान नआएको र भारतीय पक्षले पनि नियमित रुपमा पानी उपलब्ध गराइरहेकोले नहरको सिञ्चित क्षेत्रका किसानले एक साता अघि नै पूर्ण रुपले रोपाइँ गरिसकेका छन्,' उनले अघि थप्दैं भने, 'नहरमा पर्याप्त पानी उपलब्ध भएकाले नरहको ब्लक नम्बर १४ अर्थात रौतहटको बंकुल पूर्व क्षेत्रसम्मै पानी पुगेको छ।'

नवलपरासीस्थित नेपाल-भारत सीमामा रहेको गण्डक ब्यारेजबाट दोन, त्रिवेणी र तिरहुत गरी ३ वटा नहर निस्किएका छन्। दोन नहर भारतमै ९२ किलोमिटर यात्रा गरेर पर्साको जगरनाथपुर गाउँपालिकाको जानकी टोलाबाट नेपालमा प्रवेश गर्छ । नेपालमा प्रवेश गरेपछि यो नहर पूर्वी नहरको नामले परिचित छन्।

भारतीय पक्षले वर्षेनि धान वालीका लागि असार १५ र गहुँ बालीका लागि पुस १० देखि नहरमा पानी दिने गर्छ। सो सम्झौता अनुसार नहरमा ८ सय ५० क्युसेक पानी भारतीय पक्षले दिनु पर्छ। पर्सा, बारा र रौतहटमा गरी १५ ब्लकमा विभाजित गण्डक नहरको लम्बाई नेपाल तर्फ ८१ किलोमिटर छ।

सन् १९७५ र ७६ मा दुई चरणमा भारत सरकारले नेपाल सरकारलाई गण्डक नहर हस्तान्तरण गरेको थियो। गण्डक नहरबाट पर्सा, बारा र रौतहट गरी तीन जिल्लाको करिब ३७ हजार ४ सय हेक्टर जग्गा सिञ्चित गर्ने लक्ष्य रहेको छ।

# बंगलादेशमा हिन्दु तथा बौद्धमाथि हिंसाको विरोधमा प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम । बंगलादेशमा हिन्दुतथाबौद्धधर्मावलम्बीहरूमाथिजारी हिंसा विरुद्ध जनकपुधरामसहित काठमाण्डुमा समेत विरोध प्रदर्शन भएको छ।




जनकपुरधाममा शनिबार जनक चोकबाट निस्केको सो विरोध प्रदर्शन नगरको विभिन्न भागको परिक्रमा गर्दै पुनः जनक चोकमै आएर कोणसभा सम्पन्न भएको थियो।

त्यस्तै काठमाण्डुमा शनिबार राष्ट्रिय एकता अभियानको आयोजनामा भएको विरोध प्रदर्शनमा विभिन्न धार्मिक तथा सामाजिक संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

सो प्रदर्शन अभियानका अध्यक्ष विनय यादवको अगुवाईमा भएको थियो।

सो प्रदर्शनको क्रममा अभियानका वरिष्ठ नेता बीपी यादवले बंगलादेशमा हिन्दु तथा बौद्ध धर्मावलम्बीहरूमाथि भइरहेको हिंसालाई अन्तर्राष्ट्रिय मञ्चमा उठाउनुपर्ने आवश्यकता औंल्याए। उनले भने, 'धार्मिक असहिष्णुताको यो घटना मानवीय हकका लागि घातक हो। यसमा हाम्रो सरकारले पनि चुप लागेर बस्नु हुँदैन।'

विश्व हिन्दू महासंघका महासचिव रामचन्द्र तिवारीले पनि बंगलादेशमा भइरहेको हिंसाको कडा निन्दा गर्दै नेपालका हिन्दूहरूले एकजुट भएर अन्तर ाष्ट्रिय दवाव सृजना गर्नुपर्नेमा जोड दिए।

धार्मिक नेता केशव चौलागाईंले यस किसिमको हिंसा रोक्नका लागि अन्तर्राष्ट्रिय समुदायलाई सम्बोधन गर्ने प्रयास गर्नुपर्ने बताए।

मानव धर्मसेवा समितिका इन्चार्ज सागर कटुवालले पनि कार्यक्रममा सम्बोधन गर्दै धार्मिक हिंसा विरुद्धको एकता र संकल्पलाई प्रगाढ बनाउनुपर्ने बताए।

यस विरोध प्रदर्शनमा प्रदर्शनकारीहरुले बंगलादेशमा भइरहेको धार्मिक हिंसालाई रोक्न अन्तर्राष्ट्रिय समुदायले कदम चाल्नुपर्नेमा जोड दिएका थिए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८